मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ • अंक २०४ • २०८३ साल जेष्ठ २९ गते शुक्रबार • Friday 12, June 2026 • सूर्योदयः बिहान ०५:१० बजे • सूर्यास्तः साँझ ०६:५८ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## असार आयो कात्तिकदेखि तलब बाँकी

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको छिपहरमाई गाउँपालिकामा कार्यरत करार कर्मचारीले आठ महिनादेखि तलब–भत्ता नपाएको भन्दै गाउँपालिका कार्यालय अगाडि धर्ना बसेका छन् ।
कर्मचारीहरूले तीन दिनदेखि शान्तिपूर्ण रूपमा धर्ना जारी राखेका हुन् । कर्मचारीहरूका अनुसार २०८२ साल कात्तिक महिनादेखि हालसम्मको

बाँकी पृष्ठ २ मा

## आकारभन्दा श्रोतमा जोड दिने गरी बजेट ल्याउने तयारी




**मधेशदृष्टि**
**जनकपुरधाम।**
बजेट कार्यान्वयन र खर्च क्षमतामा निरन्तर प्रश्न उठ्दै आएको मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि तुलनात्मक रूपमा यथार्थपरक बजेट ल्याउने तयारी गरेको छ।
विगतमा आम्दानीको वास्तविक अवस्थाभन्दा ठूलो आकारको बजेट प्रस्तुत गर्ने अभ्यासका कारण खर्च लक्ष्य पूरा गर्न नसकेको प्रदेश सरकार यसपटक उपलब्ध स्रोत र राजस्वको वास्तविक अवस्थालाई आधार बनाएर बजेट निर्माणतर्फ अग्रसर भएको हो। प्रदेश स्थापना भएयता मधेश सरकारले बजेट खर्चको सन्तोषजनक उपलब्धि हासिल गर्न सकेको छैन। अहिलेसम्मको इतिहासमा सबैभन्दा बढी बजेट खर्च करिब ६५ प्रतिशतसम्म मात्र पुगेको छ। आवश्यकताको स्पष्ट पहिचानबिना योजना समावेश गर्ने र अनुमानित आम्दानीलाई आधार मानेर बजेट निर्माण गर्ने प्रवृत्तिले कार्यान्वयनमा समस्या देखिएको विश्लेषण गरिएको छ।
चालु आर्थिक वर्षमा समेत विकास निर्माणका योजनाहरू समयमै अघि बढ्न नसक्दा खर्चको अवस्था कमजोर बनेको छ। उपभोक्ता समिति वा ठेक्का प्रक्रियामार्फत योजना कार्यान्वयन गर्ने विषयमा लामो समय अन्योल रहँदा आर्थिक वर्षको नौ महिनापछि मात्रै अधिकांश योजनाको सम्झौता तथा कार्यान्वयन प्रक्रिया सुरु भएको थियो।
हाल प्रदेशभर सामुदायिक भवन, पीसीसी ढलान, पोखरी घाट, पुलपुलेसा, धार्मिक संरचनालगायतका साना तथा मध्यम पूर्वाधार निर्माणका कामहरू धमाधम भइरहेका छन्। तर आर्थिक वर्ष समाप्त हुन लाग्दा मात्र काम सुरु भएकाले लक्ष्यअनुसार खर्च हुन कठिन देखिएको छ।
प्रदेश लेखा नियन्त्रण कार्यालयको तथ्यांकअनुसार जेठ २२ गतेसम्म ४६ अर्ब ९८ करोड ३३ लाख रुपैयाँको कुल बजेटमध्ये ९ अर्ब ११ करोड ९५ लाख रुपैयाँ मात्र खर्च भएको छ। यो कुल बजेटको करिब १९.४१ प्रतिशत हो । खर्च भएको रकममध्ये ३ अर्ब ७९ करोड ५० लाख रुपैयाँ पुँजीगत तथा ५ अर्ब ३२ करोड रुपैयाँभन्दा बढी चालु खर्च रहेको छ।
राजस्व संकलनको अवस्था पनि अपेक्षाअनुसार देखिएको छैन । संघ, प्रदेश र स्थानीय तहसमेतको राजस्व संकलन करिब ३० अर्ब ३ करोड ९३ लाख रुपैयाँ पुगेको भए पनि आन्तरिक आम्दानीतर्फ निर्धारित लक्ष्य हासिल हुने सम्भावना न्यून रहेको अधिकारीहरू बताउँछन्।
आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १२ मन्त्रालय, प्रदेशसभा, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय तथा नीति तथा योजना आयोगलाई करिब २८ अर्ब रुपैयाँको बजेट सिलिङ उपलब्ध गराइएको छ । सोही सीमाभित्र रहेर मन्त्रालयहरूले कार्यक्रम र योजना छनोट गरिरहेका छन्।
अर्थ मन्त्रालयका अनुसार राजस्व बाँडफाँटबाट प्राप्त हुने करिब ११ अर्ब ८३ करोड रुपैयाँ, वित्तीय हस्तान्तरणअन्तर्गत समानीकरण अनुदान ७ अर्ब ८४ करोड रुपैयाँ, सशर्त, समपूरक तथा विशेष अनुदान गरी ६ अर्ब २९ करोड रुपैयाँ, आन्तरिक स्रोतबाट ६ अर्ब ६९ करोड रुपैयाँ तथा नगद मौज्दातसमेत जोड्दा आगामी वर्षको बजेट आकार ३३ देखि ३४ अर्ब रुपैयाँको हाराहारीमा रहने अनुमान गरिएको छ।
प्रदेश सरकारका अधिकारीहरूका अनुसार यसपटक विगतझैँ बजेटको आकार बढाउनुभन्दा उपलब्ध स्रोत र कार्यान्वयन क्षमतालाई केन्द्रमा राखेर बजेट ल्याउने तयारी गरिएको छ। चालु आर्थिक वर्षमा पर्याप्त स्रोत सुनिश्चित नगरी ४६ अर्ब रुपैयाँभन्दा बढीको बजेट ल्याइएकाले पछि स्रोत अभावका कारण धेरै योजनाको विनियोजनमा २० प्रतिशतसम्म कटौती गर्नुपरेको अनुभवले पनि सरकारलाई यथार्थपरक बजेटतर्फ उन्मुख गराएको छ।

## नीति तथा कार्यक्रम पारित



आगामी आर्थिक वर्ष २०८३/८४ का लागि मधेश प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम प्रदेशसभाबाट सर्वसम्मत रूपमा पारित भएको छ।
बिहीबार बसेको प्रदेशसभा बैठकमा नीति तथा कार्यक्रममाथि सांसदहरूले उठाएका संशोधन प्रस्तावहरूमाथि छलफल सम्पन्न भएपछि सभामुख रामआशिष यादवले निर्णयार्थ प्रस्ताव प्रस्तुत गरेका थिए। प्रस्तावको विपक्षमा कुनै मत नपरेपछि सभामुख यादवले नीति तथा कार्यक्रम सर्वसम्मत रूपमा पारित भएको घोषणा गरे।
प्रदेश सरकारले गत जेठ १५ गते सार्वजनिक गरेको नीति तथा कार्यक्रममाथि प्रतिपक्षी दलहरूको अवरोधका कारण लामो समयसम्म छलफल हुन सकेको थिएन । दलहरूबीच सहमति जुटेपछि संशोधन प्रस्तावहरूमाथि छलफल गरी प्रक्रिया अघि बढाइएको हो।
छलफलका क्रममा विभिन्न सांसदहरूले संशोधन प्रस्ताव दर्ता गराएका थिए । तीमध्ये सत्तारुढ नेकपा एमालेका सांसद राजकुमार लेखीको संशोधन प्रस्ताव स्वीकृत भएको छ भने अन्य सबै संशोधन प्रस्ताव अस्वीकृत भएका छन्।
नीति तथा कार्यक्रम पारित भएसँगै अर्थमन्त्री युवराज भट्टराईले आगामी बजेट निर्माणका लागि आवश्यक विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रदेशसभामा प्रस्तुत गरेका छन्।
प्रदेशसभा सचिवालयका अनुसार शुक्रबार बस्ने बैठकमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि छलफल हुने तथा त्यसपछि आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रियाले थप गति लिने अपेक्षा गरिएको छ।

## पराजयपछि संगठन सुदृढिकरणमा उपेन्द्र यादव सक्रिय बन्दै



**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्रतिनिधि सभा निर्वाचनमा व्यहोरेको अप्रत्यासित पराजयपछि जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव आक्रामक सांगठनिक रणनीतिमा होमिएका छन् । केही समयको मौनतापछि उनी सक्रिय देखिएका हुन्। चुनावमा व्यहोरेको धक्काले शिथिल बनेको पार्टीपंक्तिलाई नयाँ जीवन दिन र छरिएका शक्तिलाई एकत्रित गर्न अध्यक्ष यादव आफैँ भूइँतहको मोर्चामा उत्रिएका हुन्।
केन्द्रको सत्ता राजनीतिको जोडघटाउ छाडेर यादव यतिबेला जिल्ला दौडमा निस्किएका छन् । पार्टीको केन्द्रीय समन्वय समितिले तय गरेको देशव्यापी अभियानअन्तर्गत पहिलो चरणमा पश्चिम नेपालका तीन रणनीतिक जिल्ला बर्दिया, बाँके र सुर्खेतको अगुवा कार्यकर्ता भेला भर्खरै सम्पन्न गरेका छन् । जेठ २५ गते बर्दियाको गुलरिया, २६ गते नेपालगञ्ज र २७ गते सुर्खेत पुगेर यादवले कार्यकर्तालाई चुनावी हारबाट निराश नभई नयाँ ढङ्गले सङ्घर्षमा होमिन निर्देशन दिए।
पश्चिम नेपालका थारु, मुस्लिम र कर्णालीका सीमान्तकृत समुदायको बाहुल्यता रहेका यी क्षेत्रमा पार्टीको उपस्थिति बलियो बनाउन र कार्यकर्तामा नयाँ ऊर्जा भर्न यो चरण महत्त्वपूर्ण मानिएको छ।
पश्चिमको मोर्चा सम्हालेपछि जसपा नेपालको यो देशव्यापी अभियान अब पार्टीको मुख्य राजनीतिक आधार इलाका मधेश र कोशी प्रदेशतर्फ केन्द्रित हुँदैछ। पार्टी नेतृत्वको यो शीर्ष टोली जेठ ३० गते पर्सा र ३१ गते बाराको अगुवा कार्यकर्ता भेलामा सहभागी हुनेछ।
त्यसपछि असार १४ गतेसम्म मोरङ, सुनसरी, सप्तरी, सर्लाही, धनुषा, महोत्तरी, सिराहा र रौतहटमा जिल्लास्तरीय भेलाहरू लगातार सञ्चालन हुनेछन्।
अध्यक्ष यादवको सचिवालयका अनुसार यी भेलाहरूमा पार्टीका सम्पूर्ण तहका सदस्य, भ्रातृ संगठनका प्रतिनिधि र निर्वाचित जनप्रतिनिधिको अनिवार्य सहभागिता रहनेछ । मधेश प्रदेशका आठ जिल्ला केन्द्रित अबको यो अभियानमा पार्टी अध्यक्ष उपेन्द्र यादवसँगै पार्टीका संरक्षक महन्त ठाकुर लगायत शीर्ष नेताहरु समेत सहभागी हुने बताइएको छ।
'यो अभियान केवल चुनावी पराजयको औपचारिक समीक्षामा मात्र सीमित छैन, यसको पछाडि ठोस राजनीतिक उद्देश्य छ,' अध्यक्ष यादवका निजी सचिव महेश चौरसियाले भने, 'चुनावी पराजयको निर्मम समीक्षा, आन्तरिक अन्तर्घात र गुटबन्दी अन्त्य गर्नुका साथै पार्टीपंक्तिलाई एकत्रित गर्दै गुमेको साख र प्रतिष्ठा फर्काउनु यसको पहिलो सर्त हो।'
शीर्ष नेतृत्व आफैँ गाउँ पुगेर कार्यकर्ताको गुनासो सुन्ने र संगठनलाई एकत्रित गर्ने यो प्रयासले जसपा नेपाललाई राष्ट्रिय राजनीतिमा पुनः एक सशक्त र वैकल्पिक शक्तिको रूपमा उभ्याउने लक्ष्य रहेको निजी सचिव चौरसियाले स्पष्ट पारे।
पहिचान र सामाजिक न्यायको मुद्दालाई केन्द्रमा राखेर सुरु भएको जसपा नेपालको देशव्यापी यो अभियानले जिल्ला तहका कार्यकर्तामा नयाँ ऊर्जा र उत्साह थप्ने अपेक्षा गरिएको छ। मधेश जनविद्रोह, सङ्घीयता र समानुपातिक समावेशिताको आन्दोलनबाट जन्मिएको शक्ति जसपा नेपाल पछिल्ला वर्षहरूमा नीति र एजेन्डाभन्दा बढी सत्ताको केन्द्रिकृत राजनीतिमा अल्झिँदा निरन्तरको फुट र भूइँतहका एजेन्डाबाट नेतृत्व टाढिँदै जाँदा पार्टीले आफ्नो मूल आधारभूमिमै ठूलो धक्का खानु परेको थियो ।गत प्रतिनिधि सभाको चुनावमा जसपा नेपाल प्रत्यक्षतर्फ सून्य सीटमा झरेको थियो।

## चरित्र हत्या गर्ने प्रयासका बाबजुद प्रतिशोध नलिने प्रतिवद्धता



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेकपा एमाले मधेश प्रदेश कमिटी सदस्य शिवशंकर साह हिराले झुठा मुद्दा लगाएर आफ्नो चरित्र हत्या गर्ने प्रयास गरिए पनि आफूले प्रतिशोध नलिने बताएका छन्। एमाले नेता हिराले पत्रकार सम्मेलन गरी हुँदै नभएको घटनालाई अतिरञ्जित गरी आफ्नो चरित्र हत्या गर्नेविरुद्ध प्रतिशोध नसाध्ने स्पष्ट गरे। उनले भने, 'आफूमाथि झुठा मुद्दा लगाउनेलाई माता जानकी, यहाँका नागरिक समाजले सजाय दिनेछन्।'
बालिका अपहरण तथा जबरजस्ती करणी मुद्दामा सफाइ पाएपछि एमाले नेता हिराले आफ्नो राजनीतिक करियर समाप्त पार्न केही मेयर पदका आकांक्षी, आफ्नो प्रतिस्पर्धी, पूर्व मेयर मिलेर यस्तो लज्जास्पद षड्यन्त्र रचेको आरोप लगाए । यद्यपि हिराले षड्यन्त्र रच्ने को को हुन् भन्ने प्रश्नमा कसैको नाम भने खुलाउन चाहेनन्।
हिराले भने, 'मलाई नेपालको न्याय प्रणालीमाथि विश्वास थियो, न्यायालयले मलाई न्याय गरेको छ म सन्तुष्ट छु, कसैविरुद्ध म अब प्रतिशोध साँध्दिनँ।'
जिल्ला अदालत धनुषामा पीडितले नै आफूविरुद्ध कुनै किसिमको अपहरण वा बलात्कारको घटना नभएको बयान दिएको र अदालतले घटनाको सम्पूर्ण तथ्यलाई जाँच गरेर न्याय दिएको हिराले स्पष्ट पारे । जिल्ला अदालत धनुषाले घटनामा आरोपीहरु दोषी नरहेको भन्दै हिरासहित ६ जनालाई सफाइ दिएको थियो। अदालतले एमाले नेता शिवशंकर साह हिरा, अमित ठाकुर, संजय महासेठ र मनोज साह, रामकुमार साह र रामबाबु झामाथि लगाइएको बालिका अपहरण तथा बलात्कारको अभियोगमा सफाइ दिएको थियो।

## एक घण्टाको वर्षामै जनकपुरधाम जलमग्न



**मधेशदृष्टि**
**जनकपुरधाम।**
बिहीबार बिहान करिब एक घण्टासम्म परेको मुसलधारे वर्षापछि जनकपुरधामका विभिन्न सरकारी कार्यालय, सडक तथा सर्वसाधारणका घरहरू डुबानमा परेका छन् । कमजोर पानी निकास प्रणालीका कारण शहरका अधिकांश क्षेत्र जलमग्न बनेपछि सर्वसाधारणले सास्ती खेप्नुपरेको छ।
लगातारको वर्षापछि जिल्ला

बाँकी पृष्ठ २ मा

# मल अभाव हुन नदिन सरकार सचेत छः मन्त्री चौधरी



**काठमाडौं।**
कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले चालु आर्थिक वर्षको अन्त्यसम्ममा कूल ६ लाख मेट्रिकटनको हाराहारीमा कृषकलाई अनुदानमा मल उपलब्ध गराइने बताएकी छिन् । राष्ट्रियसभाको बिहीबारको बैठकमा 'कृषि, वन तथा पर्यावरण मन्त्रालयसँग सम्बन्धित प्रश्न उत्तर' कार्यक्रममा सांसदहरुले राखेको प्रश्नको जवाफ दिँदै मन्त्री चौधरीले सरकारले लागत सहभागिताको आधारमा कृषकलाई अनुदानमा रासायनिक मल उपलब्ध गराउँदै आएको र चालु आवमा हालसम्म पाँच लाख ५८ हजार ५२२ मेट्रिकटन मल आपूर्ति भइसकेको जानकारी दिइन्।
मन्त्री चौधरीले चार लाख ६८ हजार १६ मेट्रिकटन मल किसानलाई बिक्री÷वितरण गरिसकिएको बताइन् । हाल एक लाख ६८ हजार ८०२ मेट्रिकटन मल मौज्दात रहेको उनले बताइन्।
मन्त्री चौधरीले भनिन्, 'धान रोपाइँको याममा मल अभाव नहोस भनेर मन्त्रालयले विभिन्न प्रयास तथा तयारी गरिरहेको छ, यस क्रममा मल आपूर्तिको सम्झौता गरिसकेका आपूर्तिकर्तालाई समयमा नै मल आपूर्ति गर्नका लागि ताकेता गरेका छौं ।' असार अन्तिमदेखि साउन महिनासम्ममा ९० हजार मेट्रिकटन मल नेपाल भित्रिने अपेक्षा गरेको मन्त्री चौधरीको भनाइ थियो । मित्र राष्ट्र भारतसँग जिटुजी खरिद माध्यमबाट ८० हजार मेट्रिकटन मल खरिद गर्न मन्त्रिपरिषद् बैठकबाट सैद्धान्तिक स्वीकृति प्राप्त गरी पहिलो चरणमा ३० हजार मेट्रिकटन युरिया र २० हजार मेट्रिकटन डिएपी खरिद प्रक्रिया सुरु गरिएको उनले जानकारी दिइन् । उक्त परिमाणको मल साउन महिनादेखि नेपाल भित्रिने उहाँले सभालाई जानकारी दिइन् । मलको सन्तुलित प्रयोग र प्राङ्गारिक तथा जैविक मलको प्रयोगलाई जोड दिन जानकारी मूलक सूचना सन्देश देशभरि प्रवाह गरिएको मन्त्री चौधरीको भनाइ थियो । सबै किसानले बिना भेद्भाव र सजिलै मल पाउने सुनिश्चित गर्न एवं अनुदानको मलमा हुन सक्ने अपचलन रोक्न, मल वितरण कार्य सहज पारदर्शी र व्यवस्थित बनाउन अनुदानको मल वितरण कार्य व्यवस्थापन निर्देशिका २०८२ को प्रभावकारी कार्यान्वयन गर्न प्रदेश र स्थानीय तह र देशभरका जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरिएको उनले सदनलाई जानकारी गराइन्। रासस

# बालअधिकार संरक्षण विषयमा
## सञ्चारकर्मीहरुको भूमिका विषयक अन्तरक्रिया

**मधेशदृष्टि**
**वीरगंज।**
युवालयको आयोजनामा 'बाल अधिकार संरक्षण र सम्बद्ध विषयमा सञ्चारकर्मीको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा बालबालिकाको अधिकार संरक्षण, बालमैत्री पत्रकारिता तथा सञ्चारमाध्यमले बाल अधिकार प्रवर्द्धनमा खेल्न सक्ने भूमिकाबारे विस्तृत छलफल गरिएको थियो।
सहभागी सञ्चारकर्मीहरूले बालबालिकासम्बन्धी समाचार सम्प्रेषण गर्दा उनीहरूको गोपनीयता, सम्मान र सर्वोत्तम हितलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा वक्ताहरूले बाल अधिकार हननका घटनाहरू उजागर गर्न, सचेतना फैलाउन तथा बालमैत्री समाज निर्माणमा सञ्चारकर्मीहरूको भूमिका महत्वपूर्ण रहने बताएका थिए ।
साथै बालबालिकाको आवाजलाई सञ्चारमाध्यममार्फत प्रभावकारी रूपमा उठाउनुपर्ने आवश्यकता औँल्याइएको थियो। युवालयले आयोजना गरेको उक्त अन्तरक्रिया कार्यक्रममा सञ्चारकर्मी, सामाजिक अभियन्ता तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रमले बाल अधिकार संरक्षणका लागि सञ्चार क्षेत्र र सम्बन्धित निकायबीच थप सहकार्य र समन्वय आवश्यक रहेको निष्कर्ष निकालेको छ।

# कलैया–मलाही सडक स्तरोन्नतिका लागि
## सरकारले सशर्त अनुदान उपलब्ध गराउने

**मधेशदृष्टि**
**कलैया।**
बाराको कलैयादेखि मलाही जोड्ने सडक स्तरोन्नतिका लागि पूर्वाधार विकास मन्त्रालयले मधेश प्रदेश सरकारलाई सशर्त अनुदान उपलब्ध गराउने भएको छ।
मन्त्रालयले उक्त सडकको स्तरोन्नति तथा सुधार कार्यका लागि ३ लाख रुपैयाँ अनुदान दिने निर्णय गरेको हो । सशर्त अनुदानमार्फत उपलब्ध हुने रकम तोकिएको योजना अनुसार सडक पूर्वाधार सुधारमा खर्च गरिने बताइएको छ।

# प्रहरी सहायक निरीक्षक तेलीको उपचारको क्रममा मृत्यु

भावपूर्ण श्रद्धाञ्जली



प्रहरी सहायक निरीक्षक
स्व. रवि कुमार साह तेली

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल प्रहरी प्रदेश कार्यालय, वीरगंजमा कार्यरत प्रहरी सहायक निरीक्षक रवि कुमार साह तेलीको उपचारका क्रममा निधन भएको छ । मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार बहुदरमाई नगरपालिका–६ निवासी २८ वर्षीय तेली हृदयसम्बन्धी समस्याबाट पीडित थिए।
उपचारकै क्रममा बिहीबार बिहान उनको मृत्यु भएको हो । तेली विपद् व्यवस्थापन कार्यालय, जनकपुरमा दरबन्दी रहे पनि केही समयदेखि काजमा नेपाल प्रहरी प्रदेश कार्यालय, वीरगंजमा कार्यरत थिए । उनको निधनप्रति मधेश प्रदेश प्रहरी कार्यालयले गहिरो दुःख व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गरेको छ।
कार्यालयले उनलाई कर्तव्यनिष्ठ, अनुशासित र राष्ट्रप्रति समर्पित प्रहरीकर्मीका रूपमा स्मरण गरेको छ । प्रदेश प्रहरी कार्यालयले शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरेको छ।

# मधेश ट्राभल मार्ट सुरु

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल पर्यटन बोर्डको आयोजनामा बिहीबारदेखि मधेश ट्राभल मार्टको आयोजना सुरु भएको छ।
मार्टको आयोजनाबारे नेपाल एसोसियसन अफ ट्राभल्स एन्ड टुर्स अपरेटर (नाट्टा) मधेश प्रदेशले बिहीबार बाराको सिमरामा पत्रकार सम्मेलन गरेर जानकारी गराएको हो।
वीरगंज, बारा र जनकपुरमा छुट्टाछुट्टै कार्यक्रम आयोजना हुँदैछन् । मधेश प्रदेशका पर्यटकीय क्षेत्रहरूको प्रवद्र्धन तथा स्थानीय परिकार र संस्कृतिलाई प्राथमिकतामा राखिएको कार्यक्रमको सहजीकरण गरिरहेको नाट्टा मधेश प्रदेशले जनाएको छ । नाट्टा मधेशका अध्यक्ष मोहन शर्माले शुक्रबार वीरगंजमा औपचारिक उद्घाटन पछि जनकपुरसम्मका विभिन्न कार्यतालिकाबारे पत्रकार सम्मेलनमा जानकारी गराएका थिए।
वीरगंज महानगरपालिका र बर्दिबास नगरपालिकाको समेत सहयोगमा हुन लागेको कार्यक्रमको सचिवालय बाराको जितपुरसिमरा उपमहानगरपालिकामा रहेको छ ।चार दिनसम्म चल्ने मार्टको आयोजनामा स्थानीय तह समेतको सह–लगानी रहेको आयोजकको भनाइ छ।

# सडक दुर्घटनाका आरोपी चारदिन पछि पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको गढीमाई नगरपालिका–४ सुन्दरपुर चोकमा साइकल यात्रीको ज्यान जाने गरी भएको सडक दुर्घटनाका आरोपित ट्रिपर चालक चार दिनपछि पक्राउ परेको छ । दुर्घटनापछि फरार रहेका टिपर चालक पक्राउ परेसँगै घटनाको वास्तविकता सार्वजनिक भएको हो।
गत जेठ २४ गते राति करिब १ बजे गढीमाई नगरपालिका–९ मलाही निवासी ३५ वर्षीय प्रमोद सहनीलाई प्रदेश–२–०३–००१ ख २६३३ नम्बरको टिपरले ठक्कर दिएको थियो । दुर्घटनामा सहनीको घटनास्थलमै मृत्यु भएको थियो भने चालक सवारीसहित फरार भएका थिए।
घटनाको अनुसन्धान तीव्र पार्दै इलाका प्रहरी कार्यालय गरुडाले बृन्दावन नगरपालिका–२ निवासी २४ वर्षीय टिपर चालक अब्दुल एजाज पक्राउ परेका हुन्।
डिएसपी शंकर प्रसाद आचार्यका अनुसार चालक एजाजले आफूले चलाएको टिपरले साइकल यात्रीलाई ठक्कर दिएको स्वीकार गरेका छन्।

# पश्चिम नवलपरासीका किसान रोपाइँमा व्यस्त



**नवलपरासी।**
पश्चिम नवलपरासीका किसानले धान रोपाइँ सुरु गरेका छन् । गण्डक नहरमा पानी उपलब्ध भएपछि नवलपरासीका रामग्राम नगरपालिका सहित सरावल र पाल्हीनन्दन गाउँपालिकाका किसान यतिखेर खेतमा धान रोप्न व्यस्त भएका हुन् । 'नहरमा पानी आएपछि धानखेती गर्न रासायनिक मल अभाव भएपनि कुरेर बस्न सकिएन, धान रोप्न थाल्यौं', पाल्हीनन्दन –४ पाल्हीमा खेत रोपाइँ गरिरहेको किसान रामसिंह कुर्मीले भने । उनका अनुसार 'कतिपय किसानको बीउ छोटो भए पनि नहरमा पानी आएपछि रोपाइँ सुरु गरेका छन्। नहरको पानीका भरमा रोपाइँ गर्नुपर्ने अवस्थाका कारण यस वर्ष नहरको पानी समयमा नै आएकाले रोपाइँ गर्न थालेका हौँ।' खेतमा हाल्ने मल छैन, काम गर्ने जनशक्ति पनि छैनन्, यस्तो अवस्थामा पनि धान रोप्नै पर्यो, गत वर्ष पनि मल पर्याप्त नपाएर धान उत्पादन घट्छकी किसानहरुलाई चिन्ता लागेको थियो। यस वर्ष पनि त्यस्तै छ।'
रोपाहार नपाउँदा कतिपय किसान घरमा भएका जनशक्ति नै रोपाइँमा जुटेका छन्।
गतका वर्षजस्तै यस वर्ष पनि पानी पर्ला भनेर छिट्टो धानको बीउ राखेर किसानले छिटो नै रोप्न थालेका छन् । नवलपरासीको पाल्हीमा धान रोपाइँ गर्दै गरेका किसान त्रिभुवन कुर्मीले भने । बीउ छोटो भए पनि खेतको छेउछाउका किसान रोप्न थालेको देखेर खेतमा ट्याक्टर जाने बाटो बन्द हुन्छ भनेर छोटो बीउ नै रोप्न थालेको बताए। अहिले यति बेला पश्चिम गण्डक नहरको उत्तरतर्फ नजिक रहेका र दक्षिणतर्फका अकिंश खेतमा किसानहरुले रोपाइँ गरिरहेका छन्।
यस वर्ष गण्डक नहरमा पानी खोल्दा ३२ किमी गण्डक नहरमा ३६ घण्टामै नहर भरी पानी पुगेको आफूलाई जानकारी आएपछि नहरको पानीबाट किसानले धान रोपाइँ गरेर लाभ लिनु भए छ पश्चिम गण्डक नहरका प्रमुख तिलकराम बुढाथोकीले जानकारी दिए। रासस

# असार आयो, कात्तिकदेखि तलब...............

पारिश्रमिक भुक्तानी हुन बाँकी छ ।
पटक–पटक माग गर्दा पनि आश्वासन मात्र पाउँदै आएको कर्मचारीहरुको भनाइ छ । गाउँपालिकाकी कार्यवाहक अध्यक्ष लिलावती देवी कानुलाई बुझाइएको ज्ञापनपत्रमा तलब–भत्ता तत्काल उपलब्ध गराउन माग गरिएको छ ।
कर्मचारीहरुले तलब नपाएसम्म आन्दोलन जारी रहने र त्यसबाट उत्पन्न हुने अवस्थाको सम्पूर्ण जिम्मेवारी कार्यालय प्रमुखले लिनुपर्ने चेतावनीसमेत दिएका छन् ।
कर्मचारी आन्दोलनका कारण गाउँपालिकाको काम कारबाही प्रभावित भएको छ ।

# विमानस्थलबाट ३१ लाख ५१ हजारसहित दुई बङ्गलादेशी पक्राउ

**काठमाडौं।**
त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट ३१ लाख ५१ हजार रुपैयाँसहित दुई बङ्गलादेशी नागरिक पक्राउ परेका छन्।
बिहीबार अपराह्न १ बजे बाटिक एयरको उडानबाट मलेसियाको क्वालालम्पुर जान लागेका उनीहरू अन्तराष्ट्रिय प्रस्थान क्षेत्रमा प्रस्थान कक्षमा झोला जाँचका क्रममा पक्राउ परेका हुन्।
पक्राउपर्नेमा ३९ वर्षीय मोहम्मद इन्तजअली र ५० वर्षीय महम्मद जाकिर हुसैन रहेका छन् । निज इन्तजअलीले ३८ पटक र हुसैनले ११ पटक नेपाल आवतजावत गरेको पाइएको छ।
सुटकेशभित्र फ्लस बटम बनाई लुकाइछिपाइ लैजान लागेको अवस्थामा नगदसहित फेला परेका उनीहरुलाई आवश्यक अनुसन्धान एवं कारवाहीका लागि राजस्व अनुसन्धान विभाग पठाइएको त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका प्रहरी उपरीक्षक राजकुमार सिलवालले जानकारी दिए।

# दुर्घटना गराइ फरार चालक ट्रिपरसहित पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**
दुर्घटना गराई फरार भएका चालकलाई रौतहट प्रहरीले बिहीबार पक्राउ गरेको छ। घटनाको ३ दिनपछि प्रहरीले ट्रिपरसहित चालकलाइ पक्राउ गर्न सफल भएको हो । जेठ २५ गते बिहान ६ बजे गढीमाई नगरपालिका वडा नं. ४ सुन्दरपुरस्थित समनपुर गरुडा सडक खण्डमा वडा नं. ९ बस्ने ४५ वर्षीय प्रमोद सहनीलाई सवारी साधनले ठक्कर दिई फरार भएका चालकलाइ पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायव उपरीक्षक बसन्त गौतमले जानकारी दिए।
साइकलले जाँदै गरेको अवस्थामा ट्रिपरले ठक्कर दिएपछि सहनीको घटनास्थलमै मृत्यु भएको थियो । घटनापछि पीडित परिवारले गरुडास्थित मुख्य सडकमा शव राखेर प्रदर्शन गरेका थिए । सवारी ज्यानसम्बन्धी कसुर मुद्दामा अनुसन्धानक्रममा वारदातमा पहिचान नखुलेको सवारी संलग्न रही फरार रहेको सवारीसाधन तथा चालक समेतलाई जिल्ला प्रहरी कार्यालय रौतहट तथा इलाका प्रहरी कार्यालय गरुडाबाट खोजतलास गर्दै जाने क्रममा गढीमाई नगरपालिका वडा नं. २ समनपुरस्थित बाटोमा वारदातमा संलग्न रहेको प्रदेश २ ०३–००१ ख २६३३ नम्बरको ट्रिपर तथा चालक रौतहट बृन्दावन नगरपालिका वडा नं. २ विश्रामपुरका २४ वर्षीय अब्दुल एजाजलाई नियन्त्रणमा लिएर आवश्यक थप अनुसन्धान कार्य अगाडि बढाइएको प्रहरीले जनाएको छ । दुर्घटना गराउने चालक पक्राउ परेपछि पीडित परिवारलाइ न्याय पाउने आशा जागेको छ।

# एक घण्टाको वर्षामै जनकपुरधाम...

प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, आन्तरिक राजस्व कार्यालय, जिल्ला हुलाक कार्यालय, डिभिजन वन कार्यालय, राष्ट्रिय समाचार समिति (रासस) मधेश प्रदेश कार्यालय तथा प्रादेशिक अस्पताल परिसरमा करिब एक फिटसम्म पानी जमेको स्थानीयवासीले बताएका छन्।
रासस मधेश प्रदेश कार्यालयभित्र समेत पानी पसेर कार्यालय कक्ष जलमग्न भएको छ। कार्यालय सहयोगी सूर्यप्रसाद बरालका अनुसार कार्यालयभित्र करिब एक फिट पानी जम्दा नियमित कामकाज प्रभावित भएको थियो।
वर्षापछि जनकपुरधाम उपमहानगरपालिकाको वडा नं. १, २, ४, ७, ८, १० र ११ का दर्जनौं घर तथा आँगनमा पानी जमेको छ । कतिपय परिवार घरभित्रै थुनिन बाध्य भएका छन् भने मुख्य तथा भित्री सडकहरू समेत जलमग्न बनेका छन्।
वडा नं. ११ का स्थानीय प्रफुल्लराज घिमिरेले एशियाली विकास बैंकको ऋण सहयोग तथा नेपाल सरकारको लगानीमा निर्माण गरिएको ढल प्रणाली प्रभावकारी हुन नसकेको आरोप लगाए।
उनका अनुसार ढलका पाइपहरूको क्षमता अपर्याप्त भएकाले सामान्य वर्षामै पानी निकास हुन नसक्ने अवस्था देखिएको छ।
'एक घण्टाको वर्षाले नै शहर डुबानमा पर्छ भने लगातार पानी पर्दा अवस्था झन् भयावह हुन सक्छ,' उनले भने। घिमिरेले पुराना खुला नालाको समयमा पानी सहज रूपमा बग्ने गरेको स्मरण गर्दै हालको ढल प्रणालीले अपेक्षित परिणाम दिन नसकेको बताए।
मधेश प्रदेश सरकारको मुख्य प्रशासनिक केन्द्र मधेश भवन परिसरमा समेत पानी जमेको छ । सरकारी कार्यालयहरूमा पानी पसेपछि सेवाग्राही र कर्मचारी दुवै प्रभावित भएका छन्।
स्थानीयवासीका अनुसार शहर वरपरका नदी, पोखरी तथा प्राकृतिक निकास मार्ग अतिक्रमणको चपेटामा परेकाले जनकपुरधाममा वर्षेनी डुबानको समस्या दोहोरिँदै आएको छ।
उनीहरूले दीर्घकालीन समाधानका लागि ढल तथा पानी निकास प्रणालीको पुनर्मूल्याङ्कन, अतिक्रमित नाला र प्राकृतिक बहाव मार्गको संरक्षण तथा प्रभावकारी शहरी पूर्वाधार विकासमा ध्यान दिन सम्बन्धित निकायसँग माग गरेका छन्।
सामान्य वर्षामै शहरका प्रमुख सरकारी कार्यालय र बस्तीहरू जलमग्न हुन थालेपछि जनकपुरधामको शहरी व्यवस्थापन र पूर्वाधार निर्माणको प्रभावकारितामाथि पुनः प्रश्न उठ्न थालेको छ।

# बाराका ७ सहित ५०९ जना प्रहरी निरीषकको सरुवा




**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल प्रहरी प्रधान कार्यालयले बाराका सात जना प्रहरी निरीक्षक (इन्स्पेक्टर) सहित देशभरका ५०९ जना प्रहरी निरीक्षकहरूको सरुवा तथा काज गरेको छ। सरुवाअनुसार इलाका प्रहरी कार्यालय बारागढीका प्रहरी निरीक्षक कुसुम नायकलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा सरुवा गरिएको छ। उनको स्थानमा लागूऔषध नियन्त्रण ब्युरो, कोटेश्वरका प्रहरी निरीक्षक सविन कुमार कार्की खटिएका छन्।
त्यस्तै, इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक जीवन लामिछानेलाई जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीमा सरुवा गरिएको छ भने उनको स्थानमा भक्तपुर परिसरका प्रहरी निरीक्षक दाताराम अधिकारी आएका छन्। इलाका प्रहरी कार्यालय प्रसौनीका प्रहरी निरीक्षक टुपेन्द्र श्रेष्ठलाई नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र, काठमाडौंमा सरुवा गरिएको छ। उनको स्थानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत प्रहरी निरीक्षक सुमन लामा खटिएका छन्।
जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक दीपक केसीलाई प्रहरी वृत्त सातदोबाटो, ललितपुरमा सरुवा गरिएको छ। उनको स्थानमा जिल्ला प्रहरी कार्यालय प्युठानका प्रहरी निरीक्षक हरि भट्टराई आएका छन्।
त्यसैगरी, इलाका प्रहरी कार्यालय सिम्रौनगढका प्रहरी निरीक्षक पवन पर्छाईलाई लुम्बिनी प्रदेश प्रहरी गण, कोहलपुरमा सरुवा गरिएको छ भने उनको स्थानमा मधेस प्रदेश प्रहरी गण, जनकपुरका प्रहरी निरीक्षक कृष्णदेव प्रसाद साह आएका छन् । इलाका प्रहरी कार्यालय कोल्हवीका प्रहरी निरीक्षक रञ्जन मिश्रलाई नेपाल प्रहरी प्रदेश कार्यालय, पर्सामा सरुवा गरिएको छ । उनको स्थानमा झापाका प्रहरी निरीक्षक बुद्धिमान चोङवाङ खटिएका छन्।
जिल्ला प्रहरी कार्यालय बारा मानवश्रोत व्यवस्थापन शाखाका प्रहरी निरीक्षक सुरेशराज भट्टलाई प्रहरी वृत्त सातदोबाटोमा सरुवा गरिएको छ भने उनको स्थानमा तेह्रथुमका प्रहरी निरीक्षक राजाबाबु ठाकुर आएका छन्। यसैगरी इलाका प्रहरी कार्यालय सिमराका प्रहरी निरीक्षक दिवाकर गणेशको सरुवा भए पछि इलाका प्रहरी कार्यालय पटेर्वा पथरी, पर्साका प्रहरी निरीक्षक प्रकाश थापा सिमरामा पठाइएको छ।
यस्तै जिल्ला प्रहरी कार्यालय बारा शान्ति सुरक्षा तथा प्रहरी कार्य शाखाका प्रहरी निरीक्षक खेमप्रसाद नेपाललाई बागमती प्रदेश प्रहरी गण, हेटौंडामा सरुवा गरिएको छ भने उनको स्थानमा हुमानन्द खनाल खटिएका छन्।

# लग्मा बजारमा नेपाली सेनाद्वारा आरामस्थल र शुद्ध खानेपानी आयोजना हस्तान्तरण



**मधेशदृष्टि**
**जनकपुरधाम**
धनुषाको ग्रामीण कमला नगरपालिका वडा नम्बर ३ लगमा बजारमा आरामस्थल प्रतिक्षालय तथा शुद्ध खानेपानी स्थलको व्यवस्थापन गरिदिएको छ।रोलनेपाली सेनाको धनुषाको महेन्द्रनगर स्थित श्री विष्णु दल गणले सेनाको शीघ्र प्रभावी आयोजना अन्तर्गत लग्मा बजारमा रहेको रिद्धिसिद्धि देवी माता मन्दिरमा आउने दर्शनार्थी तथा स्थानीय हाट बजारमा आउने स्थानीयहरूको सुविधालाई मध्यनजर गर्दै करिब १० लाख भन्दा बढीको लगानीमा व्यवस्थापन गरिएको सो आयोजनाको एक समारोहका बीच बिहिबार कमला नगरपालिका र स्थानीय बजार व्यवस्थापन समिति लाई हस्तान्तरण गरिएको छ। नेपाली सेनाको मध्य पूर्वी पृतना बर्दिबासको प्रितनापति भुवन खत्रीले एक समारोहका बीच सो आयोजना नगरपालिकालाई हस्तान्तरण गर्नुभएको छ।बाइट १, भुवन खत्री, पृतनापति, मध्य पूर्वी पृतना बर्दिबासपितनापति खत्रीले मातृभूमि नेपाल र नेपाली जनताको हितमा सदैव तत्पर नेपाली सेना जनतामुखी कार्यक्रमहरू सहित सेवारत रहेको बताउनुभएको छ। आयोजना ग्रहण गर्दै कमला नगरपालिकाका मेयर विश्वेश्वर यादवले सरकारहरूले गर्नुपर्ने काम नेपाली सेनाले यस्तो ग्रामीण भेगमा गरिदिएकोमा खुसी व्यक्त गर्नुभएको थियो।बाइट २ विश्वेश्वर यादव मेयर कमला नगरपालिका धनुषा।खानेपानी आयोजना र सुविधाजनक विश्रामस्थलको समुद्घाटनपछि स्थानीयवासी हर्षित भएका छन्। स्वस्थलमा वृक्षारोपण कार्यक्रम समेत आयोजना गरिएको छ। सो अवसरमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइटेल, विष्णुदल गणका गणपति खिलेन्द्र राज अमगाई सहित विभिन्न गणका गणपति सहित स्थानीय भद्र भलादमीहरूको उपस्थिति रहेको थियो।

# बजेट निर्माण प्रक्रिया जनमुखी बनाउन सुझावहरु पेश



**मधेशदृष्टि**
**कलैया।**
बारागढी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट निर्माण प्रक्रियालाई थप जनमुखी, परिणाममुखी, पारदर्शी र समावेशी बनाउन स्थानीय सरोकारवालाहरूले गाउँपालिका प्रमुख अशोक कुमार जैसवालसमक्ष विभिन्न क्षेत्रका महत्वपूर्ण सुझावहरू पेश गरेका छन्।
राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवी, युवा, महिला समूह, सामाजिक संघसंस्था, युवा क्लब तथा आम नागरिकहरूको सामूहिक सहभागितामा तयार पारिएको सुझावपत्रमा कृषि, पशुपालन, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार, सुशासन तथा सूचना प्रविधि लगायतका क्षेत्रलाई प्राथमिकतामा राख्न आग्रह गरिएको छ।
सुझावपत्रमा आधुनिक कृषि प्रविधि, सिँचाइ तथा कृषि यान्त्रिकीकरण विस्तार, किसानलाई गुणस्तरीय बीउ तथा मलको सहज उपलब्धता, कृषि उत्पादनको भण्डारण र बजारीकरणका लागि आवश्यक संरचना निर्माण गर्न माग गरिएको छ।
स्थानीय अगुवाहरूले सुझावपत्र गाउँपालिका प्रमुख अशोक कुमार जैसवाललाई बुझाइएको थियो।

# प्रदेश स्तरीय बीमा सम्बन्धी हाजरीजवाफ प्रतियोगिता

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यलयको आयोजनामा प्रदेश स्तरीय बीमा सम्बन्धि हाजिरिजवाफ प्रतियोगिता वीरगंजको मकालू होटेलमा सम्पन्न भएको छ । कार्यक्रममा विभिन्न कलेजहरुको सहभागिता रहेको थियो । सो हाजिरिजवाफ प्रतियोगितामा वीरगंज पब्लिक कलेज प्रथम, हरिखेतान बहुमुखी क्याम्पस द्वितीय र विरगंज कलेज तृतीय भएको छ।
प्रथम, द्वितिय र तृतीयलाई क्रमशः २० हजार, १५ हजार र १० हजार रुपैया पुरस्कार प्रदान गरिएको छ । विद्याथीर्हरुमा बीमा तथा वित्तिय सम्बन्धि ज्ञान, चेतना अभृवृद्धि गर्ने उद्देश्यले सो प्रतियोगिता आयोजना गरिएको आयोजक संस्थाले बताएको छ।
कार्यक्रम वीरगंज महानगरपालिका शैक्षिक प्रशासन महाशाखा प्रमुख आनन्द लामिछानेको प्रमुख आतिथ्य तथा नेपाल बिमा प्राधिकरण मधेश प्रदेश प्रमुख आर्या रावलको अध्यक्षतामा सम्पन्न भएको हो।
महाशाखा प्रमख लामिछानेले यस्ता कार्यक्रमहरु सञ्चालन गर्दा प्राधिकरणले महानगरसँग पनि सहकार्य गर्नु पर्नेमा जोड दिनभयो । उहाँले यस किसिमका कार्यक्रमहरुलाई सहकार्य गर्दै समुदायमा थप विस्तार गर्नुपर्ने बताए । बीमा प्राधिकरण मधेश प्रमुख रावलले विद्यार्थीहरुमा बीमा सम्बन्धि चेताना फैलाउनका लागि प्राधिकरणले पहिलो पटक यस्तो प्रगियोगिता सञ्चालन गरेको बताए।
कार्यक्रममा नेपाल बिमा प्राधिकरण मधेश प्रदेश कार्यलयका पदाधिकारीहरु, विभिन्न बिमा कम्पनीका प्रतिनिधिहरु, विभिन्न कलेजका शिक्षक तथा विद्यार्थीहरुको सहाभागिता रहेको थियो।

## सडक विस्तार अभियान

# अघि बढ्न नसक्दा स्थानीय चिन्तित

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको गण्डकदेखि मितेरी पुलसम्मको मुख्य सडक विस्तार अभियान दुई महिनाभन्दा बढी समय बित्दा पनि प्रभावकारी रूपमा अघि बढ्न नसक्दा स्थानीयवासी र व्यवसायीहरू चिन्तित बनेका छन्। गत वैशाख ६ गते सडक विभागले मुख्य सडक क्षेत्रका करिब १ हजार २ सय घर तथा व्यावसायिक संरचनाको अगाडिको भाग हटाएर सडक विस्तार अभियान सुरु गरेको थियो। सडकको केन्द्रबिन्दुबाट दायाँ–बायाँ २५÷२५ मिटर क्षेत्रलाई अतिक्रमण क्षेत्र घोषणा गर्दै संरचना हटाउने कार्य गरिएको थियो । तर संरचना हटाइएपछि निर्माण कार्यले गति लिन नसक्दा घण्टाघरदेखि मितेरी पुलसम्मको सडकखण्ड धूलो, खाल्डाखुल्डी र भत्किएका संरचनाको अवशेषले अस्तव्यस्त बनेको छ।
यसले दैनिक आवागमन र व्यवसाय सञ्चालनमा समेत समस्या सिर्जना गरेको स्थानीयहरूको गुनासो छ । सडक विभागले भने आवश्यक प्रक्रिया पूरा गर्दै सडक विस्तार तथा निर्माण कार्यलाई चरणबद्ध रूपमा अघि बढाइने जनाएको छ।

# आत्मनिर्भर बन्दै रौतहटका महिलाहरू

**रमेश तिमलसिना**
**रौतहट।**
चन्द्रपुर नगरपालिका–७ वनबहुअरीकी दुखनी थरुनीलाई हिजोआज तरकारी टिप्न र बेच्न भ्याइनभ्याइ छ । करिब पाँच कठ्ठा आफ्नै जमिनमा व्यावसायिक रूपमा लगाइएको तरकारी बालीले थरुनीलाई व्यस्त बनाएको छ भने आर्थिक रूपमा पनि सबल बनाएको देखिन्छ। लौका, करेला, घिरौलालगायतका तरकारी अहिले उनको बारीमा लटरम्म छन् । दैनिक रु एक हजार ५०० देखि दुई हजारसम्मको तरकारी बिक्री गर्ने गरेको तरकारी कृषक थरुनी बताउँछिन् । उनले आफ्ना ग्राहकलाई बारीबाटै तथा बाँकी रहेको तरकारी स्थानीय हाटबजारमा लगेर बिक्री गर्छिन् । दैनिक आम्दानी हुन थालेपछि थरुनीको आर्थिक अवस्थामा उल्लेखनीय सुधार आएको छ । आर्थिक सम्पन्नतासँगै महिला हिंसा तथा आफ्ना हकअधिकारबारे समेत सचेत र सक्षम भएको उनको भनाइ छ।
वडा नं. ७ कै दिलकुमारी काफ्लेले पनि व्यावसायिक रूपमा बाख्रापालन गरेर मनग्य आम्दानी गर्न थालेकी छिन्। बाख्रापालनबाट आफू आर्थिक रूपमा सबल बनेको उनी बताउँछिन्। सोही गाउँकी सुनिता माझीले पनि किराना पसल सञ्चालन गरेर आफूलाई व्यस्त मात्र राखेकी छैनन्, त्यसबाट हुने आम्दानीले पारिवारिक खर्च सहज रूपमा धानेकी छिन्।
यस्तै, राजपुर नगरपालिका–९ बैरियाकी मिनादेवीले पनि व्यावसायिक तरकारी खेतीबाट मनग्य आम्दानी गरिरहेकी छिन् । तरकारी खेतीबाट भएको आम्दानीले छोराछोरी पढाउनेदेखि घरखर्च चलाउन सहज भएको उनी बताउँछिन्। सोही ठाउँकी गुलसन खातुनले घरमै टेलरिङ व्यवसाय सञ्चालन गरेर स्वरोजगार बनेकी छिन् । घरखर्च चलाउन र व्यक्तिगत खर्चका लागि कसैसँग पैसा माग्नुपर्ने अवस्था नरहेको उनको भनाइ छ।
त्यस्तै, राजपुर–५ स्कुलटोलकी जरिमा खातुनले टेलरिङ व्यवसाय सञ्चालन गरेर तीन छोरा र तीन छोरीलाई पढाउन सफल भएको बताइन्। आर्थिक रूपमा सबल हुनुका साथै समाजमा हुने लैङ्गिक हिंसा न्यूनीकरण अभियानमा पनि उनी सक्रिय छिन् । यी केही उदाहरणबाहेक पनि यहाँका अधिकांश महिला कुनै न कुनै



व्यवसायमार्फत आफू र परिवारको आर्थिक स्तर सुधार्न सक्षम बनेका छन्। यस्ता महिलाहरू जिल्लामा एक हजारभन्दा बढी रहेका छन्। ग्रामीण विकास केन्द्र नेपालद्वारा सञ्चालित लैङ्गिक हिंसा न्यूनीकरण परियोजनाअन्तर्गत आबद्ध करिब एक हजार महिला अहिले स्वरोजगारका साथै आर्थिक रूपमा सबल बन्दै गएका छन्।
केन्द्रले इस्लामिक रिलिफ क्यानाडाको आर्थिक सहयोग तथा इस्लामिक रिलिफ नेपालको व्यवस्थापकीय सहयोगमा केही वर्षदेखि लैङ्गिक हिंसालाई सम्बोधन गर्न महिला, पुरुष तथा बालबालिकाको सामाजिक–आर्थिक सशक्तीकरण परियोजना सञ्चालन गर्दै आएको छ । राजपुर र चन्द्रपुर नगरपालिकाका १२ वटा वडामा विद्यमान लैङ्गिक हिंसालाई सम्बोधन गर्दै लक्षित समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिएको तथा स्वास्थ्य सुधार सुनिश्चित गरी लैङ्गिक हिंसा न्यूनीकरण गर्ने लक्ष्य रहेको परियोजनाका प्रमुख धर्मेन्द्र साहले बताए। उनका अनुसार राजपुर नगरपालिकाका वडा नं. १, २, ३, ४, ५, ६ र ९ तथा चन्द्रपुर नगरपालिकाका वडा नं. १, २, ५, ७ र ८ मा आर्थिक सशक्तीकरणमार्फत लैङ्गिक हिंसाबाट प्रभावित वा उच्च जोखिममा रहेका महिलालाई समाजमा पुनःस्थापना गर्ने तथा लैङ्गिक हिंसासम्बन्धी जोखिम कम गर्दै जाने परियोजनाको मुख्य उद्देश्य रहेको छ।
चन्द्रपुर नगरपालिकामा १७ वटा समूहमा आबद्ध ४३० जना तथा राजपुर नगरपालिकामा २३ वटा समूहमा आबद्ध ५८० जनाभन्दा बढी महिलालाई प्रतिव्यक्ति रु ६५ हजारका दरले व्यवसाय सञ्चालनका लागि नगद सहयोग गरिएको उनले जानकारी दिए। महिलाहरूको रुचिअनुसारका कार्यक्रमलाई सहयोग गर्दै आएको पनि उनले बताए।
सोही परियोजनाअन्तर्गत सामाजिक सशक्तीकरणका लागि सामुदायिक सिकाइ तथा संरक्षण केन्द्र स्थापना गरी लैङ्गिक हिंसा न्यूनीकरणका कार्यक्रम सञ्चालन भइरहेको छ । किशोरीहरूलाई लक्षित गरी चन्द्रपुर नगरपालिकाका परियोजना सञ्चालित पाँचवटै वडामा १० सामुदायिक सिकाइ तथा संरक्षण केन्द्र सञ्चालनमा रहेका छन् भने राजपुर नगरपालिकाका सात वडामा १४ वटा केन्द्र सञ्चालनमा रहेका छन्। परियोजनाका अनुसार हालसम्म दुई हजार ४०० बालबालिकाले ती केन्द्रमार्फत रूपान्तरण कोर्स पूरा गरिसकेका छन् । विद्यालय वा मदरसाबाट बाहिर रहेका किशोरीहरूलाई रूपान्तरण विधिमार्फत जीवनोपयोगी सीप सिकाउँदै सामाजिक अभियानमा सहभागी गराउने तथा नेतृत्व विकासमा सहयोग गर्ने लक्ष्य राखिएको साहले बताए।
महिलाहरूलाई व्यवसायसँगै आवश्यक तालिम, वित्तीय साक्षरता तथा समय–समयमा प्रशिक्षण दिने र घरका पुरुष सदस्यलाई समूहमा आबद्ध गरी लैङ्गिक हिंसा तथा महिला अधिकारबारे प्रशिक्षण दिइँदै आएको ग्रामीण विकास केन्द्रका अध्यक्ष पारस हुसेनले बताए। उनका अनुसार समूहका महिलालाई वित्तीय साक्षरता, अन्तरपुस्ता संवाद, नेतृत्व विकासलगायत विषयमा क्षमता अभिवृद्धि गर्ने खालका प्रशिक्षण सञ्चालन भइरहेको छ। रासस

## सम्पादकीय

# मधेश सरकारको बजेट कस्तो बन्दैछ ?

मधेश प्रदेश सरकारको बजेट कार्यान्वयन र खर्च क्षमतामाथि निरन्तर प्रश्न उठ्दै आएको छ । विगतका आर्थिक वर्षहरूमा ठूलो आकारको बजेट प्रस्तुत गर्ने तर त्यसको प्रभावकारी कार्यान्वयन गर्न नसक्ने प्रवृत्तिले प्रदेशको विकासमा अवरोध सिर्जना गरेको छ। आगामी आर्थिक वर्षका लागि भने प्रदेश सरकारले तुलनात्मक रूपमा यथार्थपरक बजेट ल्याउने तयारी गरेको छ, जसले विगतका कमजोरीहरूलाई सच्याउने प्रयास गरेको देखिन्छ । यो कदम प्रदेशको वित्तीय अनुशासन र सुशासनका लागि सकारात्मक संकेत हो।

विगतमा मधेश प्रदेश सरकारले आम्दानीको वास्तविक अवस्थाभन्दा निकै ठूलो आकारको बजेट प्रस्तुत गर्ने अभ्यास गर्दै आएको थियो। यसका कारण खर्च लक्ष्य पूरा गर्न नसक्ने र बजेटको ठूलो हिस्सा फ्रिज हुने समस्या दोहोरिँदै आएको छ । अहिलेसम्मको इतिहासमा सबैभन्दा बढी बजेट खर्च करिब ६५ प्रतिशतसम्म मात्र पुगेको तथ्यांकले बजेट तर्जुमा र कार्यान्वयनबीचको खाडललाई स्पष्ट पार्छ। यसले विकास आयोजनाहरूमा ढिलाइ, सेवा प्रवाहमा कमी र जनतामा निराशा बढाएको छ।

बजेट खर्च क्षमतामा कमी आउनुमा विभिन्न कारणहरू जिम्मेवार छन् । कमजोर योजना तर्जुमा, कर्मचारी अभाव, खरिद प्रक्रियामा ढिलाइ, राजनीतिक अस्थिरता र अनुगमन तथा मूल्यांकनको अभाव जस्ता समस्याहरूले बजेट कार्यान्वयनलाई प्रभावित पारेका छन् । विशेषगरी, पुँजीगत खर्चतर्फको प्रगति सधैं निराशाजनक रहँदै आएको छ, जसले प्रदेशको भौतिक पूर्वाधार विकासमा बाधा पु¥याएको छ।

यसपटक प्रदेश सरकारले उपलब्ध स्रोत र राजस्वको वास्तविक अवस्थालाई आधार बनाएर बजेट निर्माणतर्फ अग्रसर भएको छ। यो यथार्थपरक दृष्टिकोणले बजेटको आकारलाई वास्तविक धरातलमा ल्याउने र कार्यान्वयन योग्य बनाउने अपेक्षा गरिएको छ । अनावश्यक र अनुत्पादक योजनाहरूलाई कटौती गरी प्राथमिकताका आधारमा बजेट विनियोजन गर्दा खर्च क्षमतामा सुधार आउन सक्छ। यसले प्रदेशको वित्तीय व्यवस्थापनलाई सुदृढ बनाउनुका साथै विकासका प्रतिफलहरू जनतासम्म पु¥याउन मद्दत गर्नेछ।

तसर्थ, आगामी आर्थिक वर्षको बजेटलाई यथार्थपरक बनाउने प्रदेश सरकारको यो प्रयास स्वागतयोग्य छ । बजेटको आकार घटाउनु मात्र पर्याप्त छैन, यसको प्रभावकारी कार्यान्वयनका लागि पनि ठोस रणनीति र कार्ययोजना आवश्यक छ।

वित्तीय अनुशासन कायम गर्दै, सुशासन प्रवर्द्धन गरी र विकास आयोजनाहरूको समयमै सम्पन्न गर्नका लागि सबै सरोकारवालाहरूको सक्रिय भूमिका अपरिहार्य छ। यसले मात्र मधेश प्रदेशको दिगो विकास र समृद्धिको लक्ष्य हासिल गर्न सकिनेछ।

# मानव–वन्यजन्तु द्वन्द्व बढ्दो चुनौती

**भीष्मराज ओझा/रासस**

पछिल्लो समय संरक्षित क्षेत्र वरपर बढ्दो जनघनत्व एवं अव्यवस्थित भू–उपयोगका कारण वन्यजन्तुको वासस्थानमा भएको क्षयीकरण एवं सङ्कुचनले गर्दा वन्यजन्तुहरुले आफ्नो वासस्थान छाडी गाउँ बस्तीमा पस्ने गरेका छन् ।

यसबाट संरक्षित क्षेत्रभित्र तथा यसको वरिपरी बसोबास गर्ने समुदायको वन्यजन्तुबाट मानवीय तथा आर्थिक क्षति हुँदै आएको छ । खासगरी हात्ती, बाघ, गैंडा, हिउँचितुवा, हिमाली कालो भालु, काठे भालुलगायतका वन्यजन्तुको आक्रमणबाट मानिसको मृत्यु तथा घाइतेका साथै बालीनाली, घर, गोठको क्षति हुने गरेको छ । अर्कोतिर बाँदर, बँदेल, नीलगाई र दुम्सीबाट कृषि बालीमा हुने क्षति मुलुकभर बढ्दो छ । यसले गाउँबस्ती नै विस्थापित हुने अवस्था सिर्जना भएको छ ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका अनुसार पछिल्ला वर्षहरुमा मानव–वन्यजन्तु द्वन्द्व एक टड्कारो समस्याको रुपमा देखा परेको छ । आर्थिक वर्ष २०८१÷८२ मा मात्र मुलुकभरका संरक्षित तथा मध्यवर्ती क्षेत्रका बस्तीमा वन्यजन्तुको आक्रमणबाट १५ जनाको मृत्यु भएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको तथ्याङ्क छ ।

त्यसैगरी सामान्य घाइते सङ्ख्या १४ जना र सख्त घाइते हुनेको सङ्ख्या ५७ जना, घर÷गोठको क्षति ११६, पशुधन क्षति तीन हजार ७३२, अन्नबालीको क्षति चार हजार ६१० र भण्डारण गरेको अन्नको क्षतिका घट्ना ५१ रहेको तथ्याङ्क छ । मानवीय क्षति भएकामध्ये सबैभन्दा धेरै चितवन राष्ट्रिय निकुञ्जमा १० जना, बर्दिया राष्ट्रिय निकुञ्जमा दुई जना तथा बाँके, शुक्लाफाँटा र पर्सा राष्ट्रिय निकुञ्जमा एक/एक जनाको मृत्यु भएको छ । त्यस्तै गत आवमा वन्यजन्तुबाट भएको क्षतिका कुल आठ हजार ५९५ वटा घटना दर्ता भएका छन् । विभागले निकुञ्ज आरक्षलगायत संरक्षित क्षेत्रहरुका वन्यजन्तुबाट हुने क्षतिलाई कम गर्नेलगायत विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ । साथै, मानव–वन्यजन्तु द्वन्द्वलाई न्यूनिकरण गर्न वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका बमोजिम राहत उपलब्ध गराउने व्यवस्था गरिएको विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले बताउनुभयो ।

गत आवमा संरक्षित क्षेत्रमा वन्यजन्तुबाट कुल आठ हजार ५९५ भौतिक तथा कृषि क्षेत्रमा क्षतिका घटना भएका थिए । त्यसको क्षतिवापत विभिन्न संरक्षित क्षेत्रका कार्यालयबाट कूल सात करोड ११ लाख ६८ हजार ६०४ रुपैंया राहत रकम वितरण गरिएको विभागले जनाएको छ ।

**विभिन्न कारणबाट वन्जन्तु मृत्युका घटना**

त्यस्तै वन्यजन्तुहरु निकुञ्ज नजिकमा रहेका गाउँ बस्तीमा विविध कारणले गर्दा प्रवेश गर्ने गरेका छन् । यस्तो अवस्थामा सम्बन्धित संरक्षित क्षेत्र कार्यालयले सरोकारवालाको सहयोगमा ती वन्यजन्तुहरुको उद्धार गर्ने गरिएको छ । उद्धार गरिएका यस्ता वन्यजन्तुहरुलाई आवश्यक उपचार वा रेखदेखपश्चात उचित वासस्थानमा पुनस्र्थापना गर्ने गरिएको छ । पुनस्र्थापना गर्न नसकिने वन्यजन्तुको हकमा उक्त वन्यजन्तुलाई उचित खोर र आहाराको व्यवस्था गरी हेरचाह गरिंदै आइएको छ ।

यस्ता समस्याग्रस्त वन्यजन्तुहरुको व्यवस्थापन खर्च निकै महङ्गो हुने भएकाले व्यवस्थापकीय चुनौती थप भएको छ । गत आवमा प्रकृतिक, सडक दुर्घटना, भौतिक संरचनामा फसेर, कुकुरको आक्रमण र दलदलमा फस्नेलगायत विभिन्न कारणबाट ३३९ वन्यजन्तु मृत्युका घटना भएका थिए । त्यसमध्ये सबै भन्दा धेरै मृत्यु चित्तलको भएको देखिन्छ भने प्राकृतिक बाहेक सडक दुर्घटना र कुकुरको आक्रमणबाट सबै भन्दा धेरै वन्यजन्तुहरुको मृत्यु भएको थियो । आव २०८१÷८२ को तथ्यांकअनुसार विभिन्न कारणले १२८ चित्तल, ३२ कृष्णसार, २९ गैंडा, १९ बाँदर, १७ बँदेल, १५ रतुवा, ११ हात्ती, १० पाटेबाघ, १० घोरल मृत्युलगायतका घट्ना रेकर्ड गरिएको छ ।

**वन्यजन्तुलाई बासस्थानभित्र सुरक्षित राख्नु प्रभावकारी**

वन्यजन्तुको संख्या वृद्धि, मानव बस्तीको विस्तार, पूर्वाधार निर्माण र जङ्गलमाथिको निर्भरता बढ्दै जाँदा मानव–वन्यजन्तु द्वन्द्वका घटना पनि बढिरहेका छन् । वरिष्ठ इकोलोजिष्ट आचार्यका अनुसार मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणको सबैभन्दा प्रभावकारी उपाय भनेको वन्यजन्तुलाई उनीहरूको प्राकृतिक बासस्थानभित्र सुरक्षित राख्नु हो । उहाँले वन्यजन्तुको बासस्थान सुधार, घाँसेमैदान विस्तार, पानीका स्रोतको संरक्षण तथा मानवीय हस्तक्षेप न्यूनीकरण गरेर वन्यजन्तुलाई जङ्गलभित्रै बस्न अनुकूल वातावरण बनाउनुपर्ने बताउनुभयो । 'घट्नापछि राहत वितरण गर्नेभन्दा पनि घटना नै हुन नदिने उपायमा जोड दिन आवश्यक छ,' उहाँले भन्नुभयो ।

विभागले स्रोतसाधनअनुसार मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका फरक–फरक सुरक्षा उपाय अपनाएको उहाँले जानकारी दिनुभयो । 'हात्ती प्रभावित क्षेत्रमा सोलार तथा विद्युतीय बार, आरसीसी पर्खाल र अन्य अवरोध निर्माण गरिएका छन् भने गैंडा तथा अन्य वन्यजन्तुको आवतजावत नियन्त्रणका लागि पनि विभिन्न संरचनात्मक उपायहरू प्रयोग भइरहेका छन्' वरिष्ठ इकोलोजिष्ट आचार्यले भन्नुभयो ।

उहाँले स्थानीय समुदायलाई पर्यटन, होमस्टे तथा अन्य वैकल्पिक आयआर्जनका अवसरसँग जोड्न सके जङ्गलमाथिको निर्भरता घट्ने र मानव–वन्यजन्तु सम्पर्क पनि कम हुने बताउनुभयो । 'जंगलमा घाँस, दाउरा वा वन उपज सङ्कलनका लागि बारम्बार जानुपर्ने अवस्था अन्त्य गर्न सकियो भने द्वन्द्वका धेरै घटना स्वतः घट्छन्,' उहाँको भनाइ छ । यसैगरी वन्यजन्तुको मृत्युका घटनाबारे उहाँले प्राकृतिक कारणभन्दा पनि सडक दुर्घटना, सिँचाइ कुलो, विद्युतीय करेन्ट तथा अन्य पूर्वाधारजन्य जोखिमहरू प्रमुख चुनौतीका रुपमा देखिएको बताउनुभयो ।

**द्वन्द्व व्यवस्थापन गर्न प्राविधिक कार्यदल गठन**

मुलुकभर वन्यजन्तुबाट मानवीय र भौतिक क्षति तथा कृषि बाली नष्ट हुने गरेका घट्ना बढ्दै गएपछि यसको समाधानका लागि सर्वत्र आवाज उठ्न थालेको छ । यसै सन्दर्भमा सङ्घीय संसदको चालु अधिवेशनमा पनि सांसदहरुले समाधानका लागि सरकारको ध्यानाकर्षण गराउँदै व्यापक रुपमा आवाज उठाउनुभएको छ ।

कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीले मन्त्रिस्तरीय निर्णयबाट यही जेठ ४ गते मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि राय सुझाव उपलब्ध गराउन प्राविधिक कार्यदल गठन गर्नुभएको थियो । कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कृषि र गृह मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, राष्ट्रिय प्रकृति संरक्षण कोषलगायतका प्रतिनिधि र सरोकारवाला क्षेत्रका विज्ञहरू सदस्य रहनुभएको छ ।

कार्यदललाई यस सम्बन्धमा विगतमा तयार गरिएका प्रतिवेदन, अध्ययन अनुसन्धान, नीतिगत तथा संस्थागत व्यवस्था, राहत तथा क्षतिपूर्ति प्रणाली र हालसम्म भएका व्यवस्थापन प्रयासहरूको समीक्षा र विश्लेषण गर्ने जिम्मेवारी प्रदान गरिएको छ । साथै द्वन्द्व न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीतिगत तथा संस्थागत उपायहरू सिफारिस गर्नेसमेत जिम्मेवारी प्रदान गरिएको मन्त्रालयका उपसचिव एवं कार्यदलका सदस्य शिला ज्ञवालीले जानकारी दिनुभयो ।

कार्यदलको यही जेठ १८ गतेको बैठकले मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका विषयमा अध्ययन अनुसन्धान गर्ने, विभिन्न कार्यक्रमहरू संचालन गर्ने तीनै तहका सरकारका निकायहरू, गैह्सरकारी संघ संस्था, विज्ञ र सर्वसाधारणबाट राय सुझाव संकलन गर्ने निर्णय गरेको थियो । उहाँका अनुसार कार्यदलले यही जेठ २२ गते एक सूचनामार्फत बाँदर, बँदेल, नीलगाई र दुम्सीबाट कृषि बालीमा हुने क्षति न्यूनीकरणका उपायहरूमा केन्द्रित रही १५ दिन भित्र राय सुझाव उपलब्ध गराउन अनुरोध गरेको छ ।

**द्वन्द्व न्यूनीकरण गर्न समुदाय परिचालन र जनचेतना**

राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य–सचिव डा चिरञ्जीवीप्रसाद पोखरेलले मन्त्रालयले हालै गठन गरेको प्राविधिक विज्ञ समिति मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि महत्वपूर्ण कदम भएको बताउनुभयो । उहाँका अनुसार विभिन्न क्षेत्रका विज्ञहरू सम्मिलित उक्त समितिले वैज्ञानिक अध्ययन, क्षेत्रीय अनुभव र समुदायका आवश्यकतालाई समेटेर नीति निर्माण गर्न सहयोग पु¥याउने अपेक्षा गरिएको छ ।

उहाँले कोष र त्रिभुवन विश्वविद्यालयको सहकार्यमा दर्जनौं पालिकामा गरिएको अध्ययनबाट प्राप्त निष्कर्षहरूले पनि समस्या समाधानका लागि महत्वपूर्ण आधार प्रदान गर्ने बताउनुभयो । सदस्य–सचिव डा पोखरेलका अनुसार मन्त्रालय र कोषको सहकार्यमा विभिन्न प्रभावित क्षेत्रमा बाली विविधीकरण, वन्यजन्तुले कम क्षति गर्ने खेती प्रणाली, सुरक्षित पशु गोठ निर्माण, विद्युतीय बार, समुदाय परिचालन तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन् । तर स्रोत–साधन र प्रविधिको सीमितताका कारण अझै धेरै काम गर्न बाँकी रहेको उहाँले उल्लेख गर्नुभयो ।

'हात्ती, बाघ, चितुवा, भालु, बाँदर वा अन्य वन्यजन्तुसँग सम्बन्धित समस्या फरक–फरक छन् । त्यसैले समाधान पनि प्रजातिअनुसार फरक गर्नुपर्छ,' उहाँले भन्नुभयो । मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि सरकार, संरक्षण संस्था, स्थानीय समुदाय, अनुसन्धानकर्ता र नागरिक समाजबीचको सहकार्य अपरिहार्य रहेकामा सदस्य–सचिव डा पोखरेलको जोड छ ।

**'सबै मानव–वन्यजन्तु द्वन्द्व एउटै होइन'**

विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले मानव–वन्यजन्तु द्वन्द्वलाई एउटै समस्या मानेर समाधान खोज्दा अपेक्षित परिणाम नआउने बताउनुभयो । 'बाँदरले बाली नष्ट गर्ने समस्या, चितुवा वा बाघले पशुधन र मानवमाथि आक्रमण गर्ने समस्या, हात्तीले कृषि क्षेत्रमा पु¥याउने क्षति वा हिउँचितुवाले पशु चौपायामा पु¥याउने क्षति फरक–फरक प्रकृतिका हुन्,' उहाँले भन्नुभयो, 'त्यसैले समाधान पनि प्रजातिअनुसार फरक गर्नुपर्छ ।'

उहाँका अनुसार मानव–वन्यजन्तु द्वन्द्वलाई समग्र रूपमा हेर्नु आवश्यक भए पनि व्यवस्थापन भने प्रजाति–विशेष रणनीतिमा आधारित हुनुपर्छ । कुन प्रजातिबाट कस्तो प्रकारको क्षति भइरहेको छ भन्ने आधारमा योजना निर्माण गरिए मात्र प्रभावकारी नतिजा प्राप्त गर्न सकिनेमा उहाँको जोड छ ।

राष्ट्रिय प्रतिनिधि डा गुरुङले मन्त्रालय र डब्लुडब्लुएफको सहकार्यमा हिमाली क्षेत्रमा हिउँचितुवाबाट हुने पशुधन क्षति न्यूनीकरणका लागि सञ्चालन गरिएको सामुदायिक बीमा कार्यक्रम सफल भएको उल्लेख गर्नुभयो । त्यस्तै, उहाँले बाघ प्रभावित क्षेत्रमा घाँसेमैदान व्यवस्थापन, पानीका स्रोत सुधार, जोखिमयुक्त क्षेत्रमा पुगेका बाघको उद्धार तथा समुदायस्तरमा व्यवहार परिवर्तन अभियान सञ्चालन गरिँदा सकारात्मक परिणाम देखिएको जानकारी दिनुभयो ।

त्यस्तै केही क्षेत्रमा सञ्चालन गरिएको 'मानव व्यवहार परिवर्तन अभियान'पछि मानवीय क्षतिका घटना उल्लेखनीय रूपमा घटेका छन् । 'संरक्षणको अर्थ वन्यजन्तु मात्र जोगाउनु होइन, स्थानीय समुदायको जीवन र जीविकाको सुरक्षा सुनिश्चित गर्नु पनि हो,' उहाँले भन्नुभयो ।

# 'राइड सेयरिङ' व्यवसायका लागि कानुन बन्दै, व्यावहारिक बनाउन सुझाव

**–कमलकुमार बस्नेत/रासस**

पछिल्लो एक दशकयता 'राइड सेयरिङ' व्यवसाय नेपालमा रोजगारी र उद्यमशीलताको महत्वपूर्ण माध्यम बनेको छ । डिजिटल प्रविधिमा आधारित यस सेवाले लाखौं युवाको आम्दानीको माध्यम बन्नुका साथै सर्वसाधारणलाई सहज, सुलभ र छिटो यातायात सेवा दिँदै आएको छ ।

राइड सेयरिङ कम्पनीको उदय र विस्तारले 'गिग' अर्थतन्त्रको नयाँ आयाम सिर्जना गरेको छ भने लगानी, नवप्रवर्तन र डिजिटल सेवाको विकासलाई टेवा पुगेको छ । तर पछिल्लो समय गिग अर्थतन्त्रको प्रमुख आधारमध्ये मानिएको राइड सेयरिङ व्यवसायमा सङ्कुचन आउने हो कि भन्ने आशङ्का सरोकार भएकाहरुले व्यक्त गर्न थालेका छन् ।

नेपालमा गिग अर्थतन्त्रको सुरुआत सन् २०१० तिर फूडमाण्डुमार्फत भएको पाइन्छ । पछि इ–सेवा र खल्तीजस्ता प्लेटफर्म्मले पनि यसमा सहयोग गरेका गरे । तर, यसको विस्तार अहिले राइड सेयरिङमार्फत भयो । टुटल र पठाओले गिग अर्थतन्त्रको विस्तारमा ठूलो योगदान दिए । सार्वजनिक यातायात सहज नभएको र सवारी खरिद गर्न नसक्नेका लागि राइड सेयरिङ यातायातको प्रभावकारी र सशक्त माध्यम बन्यो । जानकारहरूका अनुसार हाल दैनिक १० लाखभन्दा बढी उपभोक्ताले यो सेवा लिइरहेका छन् ।

विशेषगरी कोरोना महामारीपछि यसको विस्तार नेपालमा मात्रै होइन विश्वका अधिकांश मुलुकमा भइरहेको छ । गिग अर्थतन्त्रले नेपाली युवा तथा सीमान्तकृत समुदायलाई श्रमबजारमा समेट्ने प्रयास गरेको देखिन्छ । साथै यसले सन्तुलित श्रमबजार निर्माणमा पनि सहयोग गर्दै आएको छ । नेपाल बिजनेश फोरमको सन् २०२४ को अध्ययन प्रतिवेदनअनुसार नेपालको कुल गार्हस्थ्य उत्पादनमा गिग अर्थतन्त्रको योगदान सात प्रतिशत छ ।

नेपालमा सेवा सुरु भएको झण्डै १० वर्षपछि कानुन निर्माण थालनी हुँदा त्यसमा भएका कतिपय व्यवस्था भने सरोकार भएकाहरूले व्यावहारिक नभएको बताएका छन् । राइड सेयरिङ व्यवसायलाई व्यवस्थित गर्ने उद्देश्यले सरकारले गत वैशाखमा सार्वजनिक गरेको 'डिजिटल मोबिलिटी सेवा सञ्चालनसम्बन्धी मापदण्ड, २०८२ (मस्यौदा)' सार्वजनिक गरेको छ । जसमा भएका कतिपय व्यवस्था व्यावहारिक बनाउनुपर्ने उनीहरूको बुझाइ छ ।

राइड सेयरिङ कम्पनी टुटल नेपालका संस्थापक शिक्षित भट्टले व्यवसाय सुरु भएको एक दशकपछि कानुन निर्माणले सरोकार भएका सबैलाई सहज बनाएको बताउनुभयो । कुनै समय यो व्यवसाय सञ्चालन हुनुपर्छ वा हुनुपर्दैन भन्ने बहसदेखि चालकलाई पक्राउ गर्ने समय हुँदै आज कानुन निर्माण गरी व्यवस्थित गर्ने प्रक्रिया सकारात्मक भएको उल्लेख गर्दै उहाँले कानुन निर्माण गर्दा व्यावहारिक पक्षलाई जोड दिनुपर्ने सुझाव दिनुभयो । टुटलका संस्थापक भट्टले मस्यौदामा उल्लेख भएका विषय, चालकलाई पोसाक अनिवार्यलगायत व्यवस्था सकारात्मक पहल भएपनि कार्यान्वयनमा कठिनाइ हुनसक्ने बताउनुभयो । 'यो व्यवसाय कामकाजी मानिस 'पार्टटाइम'मा काम गर्न सकुन् भन्ने अवधारणामा विकास भएको हो । तत्कालीन समयमा हाम्रो सोच पनि त्यही थियो, त्यसैले सबैलाई पोसाक अनिवार्य गर्ने व्यवस्थाले पार्टटाइम काम गर्नेहरू यसमा नसमेटिन सक्ने अवस्था आउनसक्छ,' उहाँले भन्नुभयो ।

याङ्गो राइड नेपालका 'कन्ट्री म्यानेजर' सन्तोष पाण्डेले राइड सेयरिङ व्यवसायले गिग अर्थतन्त्रको आकार ठूलो बनाएको र हजारौँ युवा यसमा आबद्ध भएकाले यसको मर्मअनुसार कानुन निर्माण हुनुपर्नेमा जोड दिनुभयो । मस्यौदामा भएको अनिवार्य पोसाकलगायत व्यवस्थाले यसमा आबद्ध ठूलो सङ्ख्यामा युवा कामविहीन हुने अवस्था आउने उहाँको दाबी छ ।

'राइड सेयरिङमा अहिले ७० प्रतिशतभन्दा बढी चालक आंशिक रूपमा काम गरिरहनुभएको छ । यसमा करिब दुई लाखभन्दा बढी चालक आबद्ध हुनुहुन्छ । यदि पोसाक अनिवार्य गर्ने हो भने उहाँहरू यसबाट विमुख हुने अवस्था आउँछ,' पाण्डेले भन्नुभयो । राइड सेयरिङमा अहिले सरकारी कर्मचारीदेखि विभिन्न पेसा व्यवसायमा संलग्न हुनेहरू पनि आंशिक रूपमा आवद्ध भइरहनुभएको भन्दै उहाँले यस्तो सङ्ख्या ७० प्रतिशतभन्दा बढी रहेको जानकारी दिनुभयो ।

'उहाँहरूले औसतमा दैनिक दुईदेखि चार वटामात्रै राइड गर्नुहुन्छ । यदि पोसाक अनिवार्य भएका अवस्थामा उहाँहरूले काम छाड्नुपर्ने अवस्था आउँछ, त्यसैले यो व्यावहारिक हुन सक्दैछ,' पाण्डेले भन्नुभयो ।

सरोकार भएकाहरू सेवाप्रदायकले प्राप्त भाडादरको अधिकतम १० प्रतिशत मात्रै राख्न पाउने व्यवस्था अव्यावहारिक भएको बताउँदै आएका छन् । मस्यौदामा यो 'क्याप'ले स्वदेशी र विदेशी दुवै लगानीकर्तालाई निरुत्साहित गर्ने उहाहरूको तर्क छ । डिजिटल प्लेटफर्म र स्टार्टअपलाई प्रारम्भिक अवस्थामा ठूलो लगानी आवश्यक हुन्छ, यस्तोमा कमिसनमा क्याप लगाइदिँदा लगानीमा प्रतिफल प्राप्त गर्ने समय लामो हुनसक्ने सरोकार भएकाहरूको दाबी छ ।

पठाओ नेपालका प्रमुख कार्यकारी अधिकृत यशु थकालीले भन्नुभयो, 'मस्यौदामा भएका कतिपय व्यवस्थाले नियामकले व्यवसायमा नियन्त्रण गर्ने प्रयास देखिन्छ, जुन उदार बजार अर्थतन्त्रमा सुहाउँदो होइन । तर जसरी राइडर र चालकको सुरक्षा, बिमा, डेटा सुरक्षालगायत विषयमा भएका व्यवस्था भने उपयुक्त छन् ।' विश्वका अन्य बजारमा पनि राइड सेयरिङ व्यवसायमा कमिसनमा भने कुनै क्याप नलगाइएको उहाँले दाबी गर्नुभयो ।

खुला बजार अर्थतन्त्रमा मूल्य र कमिसनको निर्धारण बजार प्रतिस्पर्धाले गर्नुपर्ने थकालीको बुझाइ छ । नियामकले व्यवसाय कसरी सञ्चालन गर्ने भन्ने निर्देशन दिन नहुने उहाँको तर्क छ ।

हाल कम्पनीहरु आफू अनुकूल 'कमिसन' शुल्क लिइरहेका छन् । उदाहरणका लागि सबैभन्दा बढी पठाओ नेपालले अधिकतम २० प्रतिशतसम्म कमिसन लिइरहेको छ भने इन्ड्राभले १० प्रतिशत कमिसन लिइरहेको छ । साथै याङ्गो राइड नेपाल र उबर 'ट्याक्सीमाण्डु'ले भने कमिसनविना काम गरिरहेका छन् ।

सरकारले दुईपाङ्ग्रे र चारपाङ्ग्रे सवारीको हकमा मस्यौदामा उल्लेख गरेको भाडादर पनि न्यून भएको पठाओ नेपालका प्रमुख कार्यकारी अधिकृत थकालीले बताउनुभयो । पछिल्लो समय बढ्दो इन्धनको मूल्य, महँगीलगायत कारण पनि सरकारले मस्यौदामा समावेश गरेको दर न्यून भएको उहाँको बुझाइ छ । उहाँले भन्नुभयो, 'गण्डकी प्रदेश सरकारले यसअघि सुरुआती भाडा रु ६० र दुई किलोमिटरको भाडा रु ९७ हुने गरी न्यूनतम रु १५७ तिर्नुपर्ने व्यवस्था गरिएको थियो । त्यसपछि प्रतिकिलोमिटर रु ४८ दशमलव ५० भाडा तोकिएको थियो । त्यसैले अहिले त्यसभन्दा कम भाडादर उल्लेख गरिएको छ, जुन व्यवहारिक हुँदैन कि भन्ने लागेको छ ।' अधिकृत थकालीले 'सर्जचार्ज'का विषयमा उल्लेख शुल्क पनि व्यावहारिक नभएको दाबी गर्नुभयो । 'यो व्यवसाय माग र आपूर्तिका आधारमा चल्ने भएकाले यसले चालक र यात्रु दुवैलाई फाइदा पुग्छ । तर निश्चित सीमा तोकिदिने हो भने यसले दुवैलाई फाइदा गर्दैन,' उहाँले भन्नुभयो ।

मस्यौदामा रात्रिकालीन सेवा, वातावरणीय प्रतिकूलता, खाली बस्नुपर्ने समयसमेतको व्यवस्थापनका लागि सेवाप्रदायकले निर्धारित शुल्कमा अधिकतम २० प्रतिशत मात्रै भाडा लिन पाउने विषय पनि अहिले भइरहेको व्यवस्थाभन्दा कम भएको अधिकृत थकालीले बताउनुभयो । यसले रात्रिकालीन र वातावरणीय प्रतिकूलताको समयमा चालकलाई सेवा दिनका लागि आकर्षण नगर्ने भएकाले यो व्यवस्थामा पनि लचकता अपनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

राइड सेयरिङ कम्पनी ट्याक्सीमाण्डुका सञ्चालक अर्जुन केसीले भने अहिले कानुन आउनु उपलब्धिमूलक विषय भएको बताउनुभयो । ट्याक्सीमाण्डुले हाल रणनीतिक साझेदारका रूपमा अमेरिकी कम्पनी उबरलाई नेपाल भित्र्याएको छ । हालसम्म चारपाङ्ग्रे सवारीमा मात्र सीमित ट्याक्सीमाण्डु उबरको प्रवेशपछि दुईपाङ्ग्रेमा पनि प्रवेश गरेको छ ।

लामो समय ठोस् कानुनविना सञ्चालन भएको समयमा सरकारले आगामी आर्थिक वर्षको बजेटबाट राइड सेयरिङ सेवामा पाँच प्रतिशत मूल्य अभिवृद्धि कर लगाउने निर्णय हुनु पनि यो क्षेत्र कानुनी दायरामा आउने आधार बनेको उहाँको बुझाइ छ ।

'झण्डै एक दशकदेखि यो व्यवसाय ठोस कानुनविना सञ्चालन भइरहेको थियो । ढिलोगरी भए पनि जसरी यसलाई नियमन गर्नेगरी कानुन निर्माण हुँदैछ, त्यो हाम्रा लागि उपलब्धिको विषय हो,' उहाँले भन्नुभयो । यद्यपि मस्यौदामा भएका केही प्रावधानका विषयमा असहमति भए पनि कानुन निर्माणपछि संशोधन गर्न सकिने उहाँको तर्क छ । 'कानुन सधैँभरिका लागि आउने होइन, कानुन आएपछि हामी अव्यावहारिक विषयमा संशोधन गर्न सक्छौँ, तर पहिले कानुन कार्यान्वयनमा आउन जरुरी छ,' उहाँले भन्नुभयो ।

ट्याक्सीमाण्डुका सञ्चालक केसीका अनुसार कानुन कार्यान्वयनमा आएपछि कानुनले नसमेटेका विषय पनि संशोधन गरी समेट्नुपर्ने हुन्छ । 'उदाहरणका लागि अहिले राइड सेयरिङ गर्ने चालकले आफ्नै सवारी प्रयोग गरिरहेका छन् । सेवाप्रदायकले सवारी दिने चलन छैन । आगामी दिनमा सेवाप्रदायक आफैंले सवारीसाधन दिने अवस्था आउनसक्छ, हामीले त्यसरी सोच्नुपर्छ,' उहाँले भन्नुभयो । अहिले कानुनमा भएका विषयमाभन्दा पनि कानुन कार्यान्वयनका पक्षलाई पर्खनुपर्ने उहाँको सुझाव छ ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# कारागारलाई सुधारगृहका रूपमा रूपान्तरण गर्न आग्रह



**नेपालगन्ज ।**
बाँकेको नौवस्तास्थित कारागारलाई सुधारगृहका रूपमा रूपान्तरण गर्न आग्रह गरिएको छ । एड्भोकेसी फोरम नेपाल र नेपालगञ्ज उच्च बार एसोसिएसनको संयुक्त टोलीले गरेको अनुगमनपछि तयार गरिएको प्रतिवेदनले सो कुरा औँल्याएको हो । केहीदिनअघि नेपालगञ्ज उच्च बारसँगको समन्वयमा एड्भोकेसी फोरम नेपालले कारागार कार्यालय नौवस्ता, बाँकेको स्थलगत अनुगमन गरेको थियो ।
प्रतिवेदनमा गत जेठ १६ कारागारभित्र कैदीबन्दीबीच भएका झडप र त्यसपछिको परिस्थितिको अध्ययन गर्नुका साथै कैदीबन्दीका गुनासा, समस्या र न्यायमा पहुँचको अवस्थाबारे जानकारी सङ्कलन गरिएको एड्भोकेसी फोरम नेपालका लुम्बिनी प्रदेश संयोजक अधिवक्ता वसन्त गौतमले जानकारी दिए । जेठ १६ गते भएका घटनाको वस्तुस्थिति बुझ्न विभिन्न पक्षसँग तथ्य बुझी कैदीबन्दीलाई आवश्यक कानुनी परामर्श प्रदान गरिएको थियो । कारागारमा कूल ७३० पुरुष कैदीबन्दीसँगै आश्रित दुई जना बालबालिकासमेत रहेका छन् ।
मुद्दागत आधारमा कैदीबन्दीको विस्तृत विवरणमा जबर्जस्ती करणीमा २२४, लागुऔषधमा १८३, कर्तव्य ज्यानमा १५३, चोरीमा २७, अपहरण तथा सार्वजनिक अपराधमा २२, विविध कसुरमा १८ डाँका चोरीमा १६, विभिन्न उद्योग मुद्दामा १६, सवारी ज्यानमा ११, ज्यान मार्ने उद्योगमा सात र हातहतियार तथा खरखजानामा दुई जना रहेका छन् । नौवस्ता कारागारमा कूल ३२ जना भारतीय नागरिक सजाय भुक्तान वा अनुसन्धानका क्रममा रहेका छन्, जसमध्ये एक जना थुनुवा अवस्थामा छन् भने ३१ जनाको मुद्दा फैसला भई सजाय भुक्तान गरिरहेका छन् ।
विदेशी नागरिकका मुद्दागत विवरणअनुसार लागुऔषधमा १७, चोरी तथा डाँका चोरीमा पाँच, ज्यान मार्ने उद्योगमा तीन जबर्जस्ती करणीमा दुई, कर्तव्य ज्यानमा दुई र अन्य विविध कसुरमा एक जना रहेका छन् । रासस

# नेपाल–भारत सीमा समाधान कूटनीतिक वार्ताबाट गर्ने सरकारको प्रतिबद्धता



**काठमाडौँ ।**
परराष्ट्रमन्त्री शिशिर खनालले प्रधानमन्त्री बालेन्द्र शाहले यही जेठ १७ गतेको प्रतिनिधिसभा बैठकमा नेपाल–भारत सीमा सम्बन्धमा व्यक्त गर्नुभएको धारणा 'क्रस बोर्डर अकुपेसन'सँग सम्बन्धित रहेको स्पष्ट पारेका छन् ।
राष्ट्रियसभाको बिहीबारको बैठकमा मन्त्री खनालले नेपाल र भारतबीचको घनिष्ठ सम्बन्धको मर्म र भावनाअनुरूप ऐतिहासिक सन्धि–सम्झौता र नक्साका आधारमा कूटनीतिक वार्ताबाट सीमा समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताए । उनका अनुसार सदियौँदेखि खुला सीमाका कारण कतिपय सीमा क्षेत्रमा दशगजा वरपर 'क्रस होल्डिङ' को अवस्था रहेको छ ।
आन्तरिक सहमतिअनुसार स्थानीयवासीले वारिपारी खेतीपाती गर्दै आएको अवस्थाबारे प्रधानमन्त्री शाहले उल्लेख गर्न खोजेको उनले स्पष्ट पारे ।
मन्त्री खनालले प्रधानमन्त्री शाहले सीमा सम्बन्धी जवाफका क्रममा नेपालको सिमाङ्कन सन् १८१६ को सुगौली सन्धिसँग प्रत्यक्ष रूपमा जोडिएको उल्लेख गर्दै मित्रराष्ट्र संयुक्त अधिराज्यको सन्दर्भ पनि उठाएको स्पष्ट पारे । 'यसमा तेस्रो पक्षको मध्यस्थता हामीले खोजेका होइनौँ,' मन्त्री खनालले भने, 'तर तत्कालीन अवस्थाका सन्दर्भ सामग्री उपलब्ध भएमा ती सीमा समस्या समाधानमा सहायक हुन सक्छन् भन्ने आशय प्रधानमन्त्री शाहको थियो ।'

**भारत भ्रमण उपलब्धिमूलक रह्योः परराष्ट्रमन्त्री**
परराष्ट्रमन्त्री शिशिर खनालले छिमेकी मुलुक भारतको हालैको भ्रमणका अवसरमा द्विपक्षीय सम्बन्धका विविध आयाममा उपलब्धिमूलक छलफल भएको बताएका छन् । राष्ट्रियसभाको बिहीबारको बैठकमा यही जेठ २२ देखि २४ गतेसम्म गरिएको आफ्नो औपचारिक भारत भ्रमणबारे जानकारी दिँदै उनले दुईपक्षीय वार्तामा व्यापार तथा आर्थिक सहकार्य, 'कनेक्टिभिटी', ऊर्जा साझेदारी, जलस्रोत व्यवस्थापन तथा खेलकुदलगायत जनस्तरीय सम्बन्ध सुदृढीकरणका विषयमा ठोस छलफल भएको बताए ।
भारत भ्रमणका क्रममा भारतीय समकक्षी एस. जयशङ्करसँग भएको भेटवार्तामा दुवै पक्षले द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेको उनले जानकारी दिए । बैठकमा नेपाल र भारतका साझा सुरक्षा चासो, सीमा व्यवस्थापन तथा रणनीतिक साझेदारीका विविध पक्षमा पनि विचार आदानप्रदान भएको मन्त्री खनालले उल्लेख गरे ।
उनले भ्रमणका क्रममा इन्डिया फाउन्डेसनद्वारा आयोजित कार्यक्रममा नेपालको परराष्ट्र नीतिका प्राथमिकताबारे प्रकाश पारेको र ऊर्जा, व्यापार तथा सीमासम्बन्धी साझा चासोका विषयमा अन्तर्क्रिया गरिएको जानकारी दिए ।
त्यस क्रममा विभिन्न क्षेत्रीय तथा अन्तरराष्ट्रिय चासोका विषयमा पनि विचार आदानप्रदान भएको उनले बताए ।
भ्रमणका दौरान एनसीएचएलसँगको समझदारीअनुसार अन्तरदेशीय पेमेन्ट–टु–पेमेन्ट, भुक्तानी सेवा सञ्चालन, भारतको विकास सहयोगमा नेपालमा भूकम्पपछिका पुनर्निर्माण परियोजनाको हस्तान्तरण तथा 'भ्वाइस फस्ट' भाषा अनुवाद प्लेटफर्मको राष्ट्रिय डिजिटल पूर्वाधार सह–निर्माणका लागि काठमाडौँ विश्वविद्यालय स्कुल अफ इञ्जिनियरिङको डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर तथा आर्टिफिसियल इन्टेलिजेन्स सेन्टर र डिजिटल इण्डिया भाषिनी डिभिजनबीच समझदारीपत्र आदानप्रदान भएको पनि उनले जानकारी गराए ।
त्यसैगरी परराष्ट्रमन्त्री खनालले भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग समेत छलफल भएको उल्लेख गरे ।
'नयाँदिल्लीमा भएका छलफल तथा उच्चस्तरीय भेटघाटले नेपाल–भारतबीचको कूटनीतिक र आर्थिक सहकार्यलाई नयाँ उचाइमा पु¥याउनुका साथै आगामी दिनमा आपसी हितका क्षेत्रमा परिणाममुखी सहकार्य अघि बढाउन बलियो आधार तयार गरेको मैले महसुस गरेको छु,' मन्त्री खनालले भने । उनले नेपालको सन्तुलित, स्वतन्त्र र बहुआयामिक परराष्ट्र नीतिलाई सशक्त रूपमा अभिव्यक्त गर्ने अवसर प्राप्त भएको उल्लेख गरे ।
व्यापार तथा लगानी विस्तार, ऊर्जा सहकार्य सुदृढीकरण, पर्यटन प्रवद्र्धन तथा 'कनेक्टिभिटी' र जनस्तरको सम्बन्ध विस्तारका विषयमा ठोस आधार तयार भएको उनको भनाइ थियो । 'क्षेत्रीय स्थायित्व, आपूर्ति श्रृङ्खला सुरक्षा तथा ऊर्जा साझेदारीजस्ता समसामयिक अन्तरराष्ट्रिय विषयमा पनि विचार आदानप्रदान भएको छ,' मन्त्री खनालले भने । रासस

# प्रतिनिधिसभा बैठकः सांसदद्वारा समसामयिक विषयमा सरकारको ध्यानाकर्षण



**काठमाडौँ ।**
प्रतिनिधिसभाका सांसदहरुले समसामयिक विषयमा सदन र सरकारको ध्यानाकर्षण गराउँदै संसद्मा उठेका विषयमा सम्बन्धित मन्त्रालयले समाधान गर्ने व्यवस्था मिलाउन माग गरेका छन् । प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा सांसद ललिताकुमारीले बङ्गलादेशमा रहेका रोहिङ्ग्या नेपाल आएकाकाले उनीहरूलाई फर्काउन माग गरिन् । सांसद लक्ष्मीप्रसाद पोखरेलले शनिबार र आइतबार दुईदिने बिदा हटाउन माग गरे । सांसद लिमा अधिकारी आचार्यले विराटनगर एकीकृत बस्ती नाम मात्रको बनेको र यस्तो सुकुमवासीको आवास हुन नसक्ने भएकाले आवासको हक सुनिश्चित गरिनुपर्ने बताइन् । सांसद विपिनकुमार आचार्यले शून्य समयमा सांसदले उठाएका विषय तत्काल सम्बन्धित मन्त्रालयमा पठाएर समाधानको प्रयास हुनुपर्नेमा जोड दिए ।
सांसद शोभा खनालले प्रदेश अस्पताल गोरखामा स्वास्थ्य उपकरण पठाउन माग गरिन् । सांसद सन्दीप रानाले पाल्पामा औद्योगिक विकास हुँदा वातावरणमा समस्या आएको, सडक धुलाम्य भएर पशु चौपायाले घाँस खान नहुने अवस्था भएकाले औद्योगिक विकास गर्दा वातावरण नबिगार्ने सरोकार भएका निकायको ध्यानाकर्षण गराए । सांसद समिना मियाँले स्वास्थ्य बीमा कार्यक्रम अझै उपक्षित भएकाले प्रभावकारी बनाउन माग गरिन् । स्वास्थ्यमा गरिएको खर्च लगानी भएकाले यसलाई प्रभावकारी बनाउनुपर्ने भनाइ उनले राखिन् ।
सांसद समीक्षा बास्कोटाले विगतमा भएका भ्रष्टाचारका काण्डको छानबिन गरी दोषीलाई कानुनी कारबाही गरिनुपर्ने बताइन् । सांसद सरस्वती लामाले सुकुमवासी बस्ती हटाउने क्रममा मन्दिर, गुम्बालगायत धार्मिक स्थलमा डोजर चलाएकामा विरोध गर्दै भूमिहीनलाई उचित व्यवस्थापन गर्न ध्यानाकर्षण गराइन् । सांसद सीता थपलियाले संसद्को गरिमा बढाउनेतर्फ सबै सदस्य गम्भीर हुनुपर्छ भनिन् । सांसद सुजाता तामाङले शिक्षालाई प्रकृति र कृषिसँग जोड्नुपर्ने बताउँदै बालबालिकाले प्रकृति, माटो र बाहिरी वातावरणसँग भिज्ने गरी पाठ्यक्रम निर्माण गरी अध्ययन, अध्यापनको व्यवस्था मिलाउन माग गरिन् ।
सांसद सुनिल केसीले बुधबार एकजना प्रतिपक्षी दलका नेताले प्रयोग गरेको शब्दप्रति विमति जनाउँदै त्यसलाई संसद्को अभिलेखबाट हटाउन माग गरे । सांसद सुन्दर खरेलले मर्यादामा रहेर आफ्ना धारणा सदनमा प्रस्तुत हुन सुझाव दिए । सांसद सुशील खड्काले बागलुङको अस्पताललाई जनशक्ति र उपकरणको व्यवस्था गर्न माग गरे । सांसद सुशीला ढकालले रुग्ण उद्योग सञ्चालन गर्नुपर्नेमा जोड दिइन् भने सुषमा स्वर्णकारले स्थानीय पर्यटनलाई प्रवद्र्धन गर्नुपर्छ भनिन् ।
सांसद सोम शर्माले प्रहरी चौकी भवनको सुधार गरिनुपर्ने बताए । सांसद स्मृति सेन्चुरीले खरीढुङ्गा 'म्याग्नेसाइट' उद्योगको पुनःसञ्चालन गर्न माग गरिन् । दोलखाको सीमा नाका बिगु गाउँपालिकाको फलाक नाका खोल्न पनि उहाँले सरकारको ध्यानकर्षण गराइन् । सांसद हरिनादेवी कामीले बजेटमा बाल विकास शिक्षकको समस्या नसमेटिएकाले समावेश गर्न माग गरिन् । सांसद क्षितिज थेवेले २०८० असारमा ताप्लेजुङ बाढीमा बगेका ६५ घरका स्थानीयलाई पुनःस्थापना गर्न माग गरे ।
सांसद ज्ञानु पौडेलले नेपाली विद्यार्थी प्रकृति लम्सालको हत्याका विषयमा भारत उडिसा राज्य सरकारले गठन गरेको छानबिन आयोगको प्रतिवेदन सार्वजकि गराउन कूटनीतिक पहल गर्न माग गरिन् । सांसद श्रद्धा कुँवर क्षत्रीले महिलालाई सुरक्षित रुपमा बाँच्ने वातावरण बनाउनुपर्नेमा जोड दिइन् । नेपाल कम्युनिष्ट पार्टी(एमाले) साजिदा खातुन सिद्धिकी श्रीधर पोखरेल, सुम्निमा उदास, सुरेशकुमार चौधरीले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए ।

**राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफल जारी**
प्रतिनिधिसभाको आजको बैठकमा आर्थिक वर्ष २०८३÷८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल सुरु भएको छ । छलफलमा सहभागी हुँदै सांसदहरूले बजेटको पक्ष र विपक्षमा आआफ्ना धारणा व्यक्त गरेका हुन् । बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद डा कृष्णहरि बुढाथोकीले बजेटले उद्यमशीतलाई ध्यान दिनुपर्ने धारणा राखे । नेपाली कांग्रेसका सांसद शाहजान खातुनले भन्सार महसुल पहिलाको भन्दा ४० प्रतिशत बढी भएको जनाउँदै भन्सार महसुल अनुमानअनुसार हुने आधार प्रष्ट पार्न अर्थमन्त्रीसँग आग्रह गरिन् । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद गणेशसिंह ठगुन्नाले देशको समानुपातिक विकास गर्ने सोच भए पनि विकासको आवश्यकता भएका जिल्ला बझाङ, बाजुरा, डोटी, अछाममा बजेट नपरेकोप्रति चिन्ता व्यक्त गरे । उनले सीमा क्षेत्रमा बजेट छुट्याउने कुरा भएपनि प्राथमिकता नदिएको धारणा राखे । नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का सांसद पशुराम तामाङले बजेटले धनी र गरिबबीचको खाडल झन बढाएको बताउँदै पहाडमा जङ्गली जनावर नियन्त्रण गर्नुका साथै पहाडमा आर्थिक गतिविधि बढाउनुपर्ने सुझाव दिए । श्रम संस्कृति पार्टीका सांसद हर्कराज राईले बजेट जनताका समस्या समाधान गर्नेतर्फ हुनुपर्नेमा त्यसो हुन नसकेको भन्दै धरानका जनताले खानेपानी नपाएको विषयमा सदनको ध्यानाकर्षण गराए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद डा अमरेशकुमार सिंहले बजेटमा शिक्षामा कर लगाइएको विषयप्रति असहमति जनाउँदै मौलिक अधिकारमाथि कर लगाउन नहुने धारणा व्यक्त गरे । उनले कर्मचारीको तलब बढे पनि आमजनताका लागि राहतको प्रभावकारी कार्यक्रम नभएको गुनासो गरे नेपाली कांग्रेसकी सांसद सीता थपलियाले हरेक जिल्लामा नमूना विद्यालयको अवधारणा आउने अपेक्षा गरिएको जनाउँदै बजेटमा त्यस्ता कार्यक्रम नआएका बताइन् । शिक्षामा कर लगाइएको विषयप्रति उनले आपत्ति प्रकट गर्दै ग्रामीण क्षेत्र र गाउँका किसानका लागि बजेटमा प्रभावकारी कार्यक्रम नआएको भनाइ राखिन् ।
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद टुकाभद्र हमालले आगामी आवको बजेटले खास महत्वपूर्ण विषय समेट्न नसकेको धारणा राखे । बैठकमा राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल जारी छ ।

**बजेटमाथि छलफल**
प्रतिनिधिसभाको आजको बैठकमा आर्थिक वर्ष २०८३÷८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सांसदहरुले छलफल गरेका छन् । छलफलमा भाग लिँदै सत्ता पक्षका सांसदहरुले बजेटका सकारात्मक पक्षबारे चर्चा गरे भने विपक्षी दलका सांसदहरुले बजेटमा जनताका अपेक्षाअनुसारका कार्यक्रम नसमेटिएको धारणा राखेका थिए । सांसद बदनकुमार भण्डारीले बजेटमा रहेको बिमाको प्रावधानले आमनागरिकको स्वास्थ्यमा ठूलो योगदान पुग्ने बताए । साथै उनले बजेटमा आयकर छुट दोब्बर गरिएको, शिक्षामा बजेट वृद्धि भएको, टेलिकमको सेयर जनतामा प्रवाह गर्ने र लगानी गर्नेलगायतका सकारात्मक पक्ष रहेकाबारे चर्चा गरे ।
सांसद पद्माकुमारी अर्यालले आमनागरिकले अपेक्षा गरेअनुसारको बजेट नआएको उल्लेख गर्दै बजेटमा केही राम्रा विषय पनि रहेको बताइन् । सांसद सुजाता तामाङले रासायनिक मलका लागि अत्यधिक बजेट विनियोजन गरिएको उल्लेख गर्दै माटोको अवस्था सुधार गर्नुपर्ने र प्राङ्गारिक मलको प्रयोगमा जोड दिनुपर्ने बताइन् ।
सांसद बोधनारायण श्रेष्ठले बजेटले विभिन्न नयाँ विषयका सुधारका कुरा क्रमभङ्गता गरेको उल्लेख गर्दै व्यक्तिगत आयकर छुट रकम वृद्धि, प्रशासनिक मितव्ययिता, नागरिक उड्डयनलाई नियामक र कार्यात्मक गरी विभाजन गरिएजस्ता सकारात्मक विषयबारे चर्चा गरे । सांसद रञ्जु न्यौपानेले जनतालाई निशुल्क उपलब्ध गराइने सेवाका लागि सरकारले कहीँ न कहीँ लागत उठाउनैपर्ने उल्लेख गर्दै त्यसका लागि बजेटमा अर्थमन्त्रीले स्पष्ट रुपमा उल्लेख गरेको बताइन् । साथै उनले बालबालिकाका क्षेत्रमा राज्यको लगानी अझै नपुगेको भन्दै बजेटमा कर्मचारीको तलब वृद्धि, सात प्रतिशतको आर्थिक वृद्धि लक्ष्यलगायत सकारात्मक विषय रहेका बताइन् ।
सांसद पुनमकुमारी अग्रवालले हरेक वर्ष रासायनिक मल अभाव हुने गरेको अवस्थामा अग्र्यानिक खेतीका लागि प्रोत्साहित गर्नुपर्नेमा जोड दिइन् ।
साथै उनले मुलुकमा नागरिक सरकार छ भन्ने अनुभूति हुने गरी काम गर्न सुझाव दिइन् । रासस

# कर प्रणालीलाई सरल र पारदर्शी बनाउँदै लगिएको मन्त्री वाग्लेको दाबी

**काठमाडौँ ।**
अर्थमन्त्री डा स्वर्णिम वाग्लेले कर प्रणालीलाई सरल र पारदर्शी बनाउँदै लगिएको दाबी गरेका छन् । बिहीबार प्रतिनिधिसभाअन्तर्गत सार्वजनिक लेखा समितिको बैठकमा आयकर, अन्तःशुल्क तथा भन्सार प्रणालीमा गरिएका सुधार विगत केही वर्षयताकै महत्वपूर्ण संरचनागत सुधार रहेको बताए । 'केही वस्तुमा करसम्बन्धी सुधार गरिएको छ, कर प्रणालीलाई क्रमशः सरल र पारदर्शी बनाउँदै लगिएको छ', उनले भने । बैठकमा अर्थमन्त्री डा वाग्लेले आर्थिक विधेयकमा संशोधन गरी करका दर परिवर्तन गरिएको भन्ने आरोप अस्वीकार गरे । उनले रगत तथा भ्याक्सिन बोक्ने क्यारियरको भन्सार दर, शिक्षासम्बन्धी कर व्यवस्था तथा



विद्युतीय सवारीसाधनमा रोड डेभलपमेन्ट शुल्कसम्बन्धी छुटेका विषय समेट्न संशोधन गरिएको स्पष्ट पारे । अर्थमन्त्री वाग्लेले आर्थिक विधेयकमा गरिएको संशोधनलाई लिएर उठाइएका कर हेरफेर तथा अनियमिततासम्बन्धी आरोप निराधार रहेको बताए । बैठकमा जवाफ दिँदै अर्थमन्त्री वाग्लेले आर्थिक विधेयकमा देखिएका विषय नीतिगत परिवर्तन नभई कर्मचारीस्तरमा भएका सामान्य प्राविधिक त्रुटि सच्याउने काम मात्र भएको स्पष्ट पारे । उनले विद्युतीय सवारीसाधन (इभी) सम्बन्धी कर संरचनाबारे स्पष्ट पार्दै रु ५० लाखसम्मका इभीलाई मध्यम वर्ग र युवाको पहुँचमा राख्ने उद्देश्यले रोड डेभलपमेन्ट शुल्कमा सहुलियत दिन खोजिएको बताए ।
'कुनै व्यापारीलाई गोप्य सूचना दिएर गाडी भन्सार पास गराइएको भन्ने आरोप तथ्यहीन छ', उनले भने, 'यदि कसैसँग त्यस्तो प्रमाण छ भने सार्वजनिक गर्नुस्, म जवाफ दिन तयार छु ।'
मन्त्री वाग्लले कर प्रशासन, भन्सार प्रणाली र राजस्व व्यवस्थापनमा देखिएका विकृति हटाएर सुशासन र पारदर्शिता कायम गर्ने दिशामा सरकार अघि बढिरहेको बताए । रासस

# विश्वकप उद्घाटनसँगै विवाद



**मेक्सिको सिटी ।**
उच्च टिकट मूल्य, भिसा विवाद र राजनीतिक संवेदनशीलताबीच मेक्सिको सिटीको ऐतिहासिक एस्टाडियो एजटेकामा दक्षिण अफ्रिका र आयोजक सह–देश मेक्सिकोबीचको खेलसँगै ४८ टोली सहभागी विश्वकपको सुरुआत भएको छ । करिब छ सातासम्म चल्ने यो प्रतियोगिता संयुक्त राज्य अमेरिका, मेक्सिको र क्यानाडाको संयुक्त आयोजनामा भइरहेको हो । प्रतियोगिताको फाइनल जुलाई १९ मा न्युजर्सीमा हुनेछ ।

फिफाका अनुसार यो संस्करण इतिहासकै सबैभन्दा ठूलो विश्वकप हो । प्रतियोगिताबाट करिब १३ अर्ब अमेरिकी डलर बराबरको राजस्व उठ्ने अनुमान गरिएको छ । तर प्रतियोगिता सुरु हुनुअघि नै टिकट मूल्य अत्यधिक भएको भन्दै आलोचना तीव्र बनेको छ भने अमेरिकाको कडा अध्यागमन नीतिका कारण खेलाडी, रेफ्री र समर्थकहरूलाई भिसासम्बन्धी समस्या भएको रिपोर्ट सार्वजनिक भएको छ ।

फिफा अध्यक्ष जियानी इन्फान्टिनोले मेक्सिको सिटीमा प्रतियोगिताको उद्घाटन अवसरमा बोल्दै आलोचनालाई अस्वीकार गरेको छ । उनीका अनुसार टिकट मूल्यमा विविधता राखिएको र केही खेलका लागि ६० डलरसम्मका सस्तो टिकट उपलब्ध गराइएको छ भने केही प्रिमियम टिकटको मूल्य ३० हजार डलरसम्म पुगेको छ । औसत टिकट मूल्य ५०० डलरभन्दा कम रहेको भन्दै उनले यसलाई अमेरिकी खेलकुद घटनामध्ये तुलनात्मक रूपमा सुलभ भएको दाबी गरे ।

भिसा विवादबारे टिप्पणी गर्दै इन्फान्टिनोले सोमाली रेफ्री ओमार आर्टनको घटनालाई ‘दुर्भाग्यपूर्ण’ भनेका छन् । सुरक्षा चिन्ताका कारण उनलाई संयुक्त राज्य अमेरिकामा प्रवेश अनुमति नदिइएको र उनी प्रतियोगितामा सहभागी नहुने फिफाले पुष्टि गरेको छ । अमेरिकी विदेश मन्त्रालयले उनलाई ‘आतङ्कवादी सङ्गठनसँग सम्बन्धित व्यक्तिहरूसँग सम्पर्क रहेको’ आरोप लगाएको थियो ।

इन्फान्टिनोले भिसा तथा सुरक्षासम्बन्धी सबै परिस्थितिमा फिफाको पूर्ण नियन्त्रण नहुने स्पष्ट पार्दै ती घटनालाई लिएर तत्काल आक्रोश व्यक्त गर्नु सधैँ समाधान नभएको बताए । उनले इरानको सहभागितालाई लिएर उठेका प्रश्नबारे पनि टिप्पणी गर्दै विभिन्न राजनीतिक तनावका बाबजुद इरानले विश्वकप खेल्न पाउनु फिफाका लागि उपलब्धि भएको उल्लेख गरे । हाल इरान र अमेरिका बीचको सैन्य तनाव जारी रहे पनि प्रतियोगितामा सहभागिता सुनिश्चित गर्न सम्भव भएको उनको भनाइ थियो ।

फिफा प्रमुखको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको सम्बन्ध पनि चर्चामा रहेको छ । इन्फान्टिनोले ट्रम्पको समर्थन बिना अमेरिकामा विश्वकप आयोजना गर्न कठिन हुने धारणा राख्नुभएको छ । ट्रम्पले भने प्रतियोगिताका केही खेलमा सहभागी हुने योजना रहेको बताएका छन् ।

खेल मैदानतर्फ भने उद्घाटन खेलमा ८५ हजार दर्शक अट्ने एस्टाडियो एजटेकामा दक्षिण अफ्रिकाले घरेलु टोली मेक्सिकोको सामना गर्दैछ । दक्षिण अफ्रिकाका प्रशिक्षक ह्युगो ब्रुसले घरेलु समर्थकहरूको अत्यधिक आवाजलाई चुनौतीका रूपमा लिएर खेलमा ध्यान केन्द्रित गर्न आफ्ना खेलाडीहरूलाई आग्रह गरेको छ । मेक्सिकोले अहिलेसम्म सात पटक विश्वकपको उद्घाटन खेल खेले पनि जित निकाल्न सकेको छैन । प्रशिक्षक जेभियर एगुइरेले यस पटक त्यो तथ्याङ्क तोड्ने लक्ष्य रहेको बताउँदै खेलाडीलाई विशेष प्रेरणा दिइएको उल्लेख गरे ।

उद्घाटन दिनको दोस्रो खेल दक्षिण कोरिया र चेक गणतन्त्रबीच गुआडालाजारामा हुनेछ । प्रतियोगिताका प्रमुख दाबेदारका रूपमा स्पेन, फ्रान्स र इङ्ल्यान्डलाई हेरिएको छ भने वर्तमान च्याम्पियन अर्जेन्टिना आफ्नो कप्तान लियोनेल मेस्सीको नेतृत्वमा उपाधि रक्षा गर्ने लक्ष्यमा मैदानमा उत्रिनेछ । रासस

# कुखुरापालन व्यवसायबाट यसरी आत्मनिर्भर बने इलामका महेन्द्र

**मनोज अधिकारी**
**इलाम ।**
फाकफोकथुम गाउँपालिका–५ लुम्देका महेन्द्र घिमिरे बिहान उठ्ने बित्तिकै कुखुराको खोरमा पुग्छन् । खोर सफा गर्ने, दाना, पानीको व्यवस्थापन गर्ने, फ्रेस हाउसमा कुखुराको मासु तयार गर्ने र बजार पठाउने काम उनको दैनिकी हो । केही वर्षअघि वैदेशिक रोजगारीमा रहेका घिमिरे अचेल आफ्नै गाउँमा सफल पोल्ट्री व्यवसायीका रूपमा परिचित छन् । उनले सञ्चालन गरेको नवमी पोल्ट्री फार्म एन्ड फ्रेस हाउस अहिले स्थानीयस्तरमा मासु उत्पादन तथा बिक्रीको भरपर्दो केन्द्र बनेको छ । विक्रम संवत् २०६७ मा वैदेशिक रोजगारीका लागि विदेश पुगेका उनी पाँच वर्षपछि २०७१ सालमा गाउँ फर्किनुभयो । ‘विदेशबाट फर्किएपछि के गर्ने भन्ने अन्योल थियो । गाउँमै केही गर्ने सोच त थियो, तर कुन व्यवसाय रोज्ने भन्ने स्पष्ट योजना थिएन,’ उनले भने, ‘अन्ततः २०७२ सालबाट कुखुरापालन व्यवसाय सुरु गर्ने निर्णय गरेँ ।’



व्यवसाय सुरु गर्दा गाउँमा नियमित विद्युत् सुविधा थिएन । उनले ‘सोलार प्यानल’को सहारामा चल्ला पाल्ने प्रयास गरे । तर, आवश्यक तापक्रम कायम गर्न नसक्दा समस्या आयो । केही क्षति पनि बेहोर्नुप¥यो । त्यसपछि चल्ला हुर्काएर बिक्री गर्ने कामबाट अनुभव बटुल्दै व्यवसायलाई विस्तार गरेको उनी बताउँछन् ।

हाल उनको फार्ममा करिब २०० वटा बिक्रीका तयारी कुखुरा र २५० वटा चल्ला छन् । जिउँदो कुखुरा प्रतिकिलो रु ४०० र काटेको मासु प्रतिकिलो रु ५०० मा बिक्री हुने गरेको छ । होलसेलमा प्रतिकिलो रु ३०० सम्ममा बिक्री हुने गरेको उनी बताउँछन् । उत्पादन भएको कुखुरा मुख्यगरी पाँचथरको रवि र झापाको दमक बजारसम्म पुग्ने गरेको छ । ‘सुरुमा धेरै समस्या आए, तर हार मानिनँ,’ घिमिरे भन्छन्, ‘कुखुरापालनमा नगद कारोबार प्रत्यक्ष हुने भएकाले छोटो समयमै आम्दानी देख्न सकिन्छ ।’ व्यवसाय विस्तारसँगै केही समस्या अझै बाँकी छन् । लुम्दे क्षेत्र सदरमुकामबाट टाढा भएकाले चल्ला ल्याउन र उत्पादन बजारसम्म पु¥याउन ढुवानीको समस्या छ । यसले लागत बढाउने गरेको घिमिरेको अनुभव छ ।

उनको मेहनतलाई सरकारी सहयोगले थप बल दिएको छ । कोशी प्रदेशको उद्योग, कृषि तथा सहकारी मन्त्रालयले फाकफोकथुम गाउँपालिका, अन्य दुई पालिका र दायित्व संस्थासँगको त्रिपक्षीय साझेदारीमा वृद्धि उद्यमशीलता तथा रोजगारी परियोजना सञ्चालन गरिरहेको छ । यस परियोजनामार्फत व्यवसाय विस्तारमा महत्वपूर्ण सहयोग पु¥याएको छ । उक्त कार्यक्रमअन्तर्गत उनले व्यावसायिक योजना निर्माणसम्बन्धी तालिम, आर्थिक अनुदान तथा आवश्यक सामग्री प्राप्त गरे । अनुदानबाट फ्रिज, खानेपानीका पाइप तथा कुखुरापालनका अन्य आवश्यक सामग्री व्यवस्थापन गर्न सकिएको छ । ‘कार्यक्रमले व्यवसायीहरूलाई एकापसमा भेटघाट र अनुभव आदानप्रदान गर्ने अवसर दियो,’ उनी भन्छन्, ‘व्यावसायिक योजना बनाउन सजिलो भयो । अहिले नयाँ भवन निर्माणको तयारी पनि भइरहेको छ । आर्थिक सहयोग पाएको छु ।’

घिमिरेको फार्मले परिवारका दुई सदस्यलाई प्रत्यक्ष रोजगारी दिएको छ भने खोर सरसफाइ तथा अन्य काममा स्थानीय व्यक्तिहरूले पनि अवसर पाएका छन् । वार्षिक करिब रु आठ लाख आम्दानी गर्ने यो व्यवसायले गाउँमै बसेर पनि आत्मनिर्भर बन्न सकिने उदाहरण दिइएको गाउँपालिका अध्यक्ष दीपेन्द्र खनालले बताए । ‘सीमित स्रोत, यातायातको समस्या र प्रारम्भिक असफलतासँग जुध्दै उनले देखाएको लगनशीलताले गाउँमै उद्यम गर्न चाहने युवाका लागि प्रेरणादायी सन्देश दिएको छ,’ अध्यक्ष खनालले भने, ‘उद्यम गर्न चाहने युवालाई प्रोत्साहनका कार्यक्रममा जोड्ने गरेका छौँ ।’ रासस

# केरा खेतीबाट आत्मनिर्भर बन्दै बोरुङका किसान

**रामकुमार लिम्बू**
**इलाम ।**
इलामको माई नगरपालिका–९ बोरुङका किसान व्यावसायिक केरा खेती गरी आत्मनिर्भर बन्न थालका छन् । यहाँका करिब ८० घर किसानले केरा खेतीलाई वैकल्पिक र व्यावसायिक खेतीका रुपमा विकास गर्दै आत्मनिर्भर बन्न थालेका हुन् । यहाँका सबैजसो किसानले अन्नबाली फल्ने खेतबारी मासेर व्यावसायिक केरा खेती लगाएका छन् । प्रत्येक किसानले आफ्नो खेतबारीमा एक सयदेखि एक हजार बोटसम्म केरा रोपेका छन् । रोपिएका अधिकांश केराको बोटबाट घरी (फल) लाग्न सुरु भइसकेको छ ।



व्यावसायिक रुपमा गरिएको केरा खेतीबाट यहाँका किसानले अन्नबालीको तुलनामा तेब्बर बढी आम्दानी गर्दै आएका छन् । केरा बेचेर प्राप्त गरेको आम्दानीबाट उनीहरुले घरखर्च चलाउँदै आएका छन् । किसान टुपेन्द्र लिम्बूले केरा खेती आफ्नो आम्दानीको मुख्य स्रोत बनेको बताए । ५ वर्षदेखि व्यावसायिक केरा खेती गर्दै आउनुभएका उनले केरा बिक्री गरेर वार्षिक रु दुईदेखि रु तीन लाखसम्म कमाउँदै आउनुभएको बताए । उनले करिब १० रोपनी क्षेत्रफलको जग्गामा एक हजार बोट केरा रोप्नुभएको छ । उनको अगुवा ५०० बोट केराले आम्दानी दिन थालेको बताए ।

‘मैले अन्नबाली फल्ने खेतबारी मासेर करिब एक हजार बोट केरा खेती लगाएको छु, अगुवा आधा झ्याङबाट घरी (फल) उत्पादन हुन थालेको छ,’ लिम्बूले भने, ‘प्रतिघरी रु ३०० देखि रु ७०० सम्ममा घरैबाट बिक्री हुन्छ, अन्नबालीभन्दा तेब्बर बढी आम्दानी हुने रहेछ ।’

रोपेको नौ महिनादेखि एक वर्षमा पहिलो उत्पादन लिन सकिने भएकाले व्यावसायिक केरा खेतीबाट मनग्य आम्दानी लिन सकिने उनको भनाइ छ ।

अर्का किसान मिलन राईले केरा बिक्रीबाट वार्षिक रु एक लाख ५० हजारसम्म आम्दानी गर्दै आएका छन् । उनले पनि राम्रै अन्नबाली उत्पादन हुने जग्गामा व्यावसायिक केरा खेती सुरु गरेको छ ।

उनले करिब ५०० बोट केरा रोपेका छन् । जसमध्ये ३०० बोटबाट नियमित आम्दानी भइरहेको उनले बताए । थोरै लगानी र कम मेहनतमा नै व्यावसायिक खेती गर्न सकिने भएकाले केरा खेती सुरु गरेको उनले बताए ।

‘अन्नबालीलाई जस्तो धेरै मेहनत र श्रम समेत खर्च गर्नु नपर्ने र आम्दानी समेत छिटो दिने भएकाले अन्नबाली उत्पादन हुने जग्गामा केरा खेती सुरु गरेको हुँ,’ उनले भने, ‘बिक्री नहुने हो कि भन्ने चिन्ता पनि हुँदैन, व्यापारीहरु घरैमा आएर राम्रै दाम दिएर लैजान्छन् ।’ तीन वर्षदेखि व्यावसायिक केरा खेतीमा लाग्नुभएका राईले यस वर्षदेखि खेती विस्तार गर्ने योजना रहेको सुनाए ।

केरा खेतीबाट घरव्यवहार चलाउन रकम जुटाउनसमेत सहज भएको अर्का किसान तीर्थ साउदेनले बताए । ‘करिब पाँच रोपनी जग्गामा २०० बोट केरा रोपेको छु, केहीले आम्दानी दिन थालेको छ,’ गत वर्षदेखि केरा खेती सुरु गर्नुभएका साउदेनले भने, ‘पहिलो वर्ष रु ८० हजार आम्दानी गरेको छु, यसले मलाई घरव्यवहार चलाउन सहज भएको छ ।’

बोरुङका सबैजसो किसानहरुले खेतीयोग्य जमिन मासेर नै व्यावसायिक केरा खेती गर्दै आएका छन् । उनीहरुले चिनीचम्पा, धुस्रे, काबेली, झाजी, भण्डारी, झपरीलगायत अन्य स्थानीय प्रजातिका केरा खेती गर्दै आएका छन् । यहाँ उत्पादन भएको केरा बिक्री गर्न कुनै समस्या छैन । व्यापारीहरु घरैमा आएर खरिद गरी लजाने गरेका छन् । बगानबाटै व्यापारीले लैजाने गरेकाले किसानलाई बजारसम्म पु¥याउने झन्झट छैन । यातायातको सुविधा विस्तार भएसँगै किसानले केराको मूल्य समेत राम्रै पाएको वडा सदस्य विनोद साउदेनले बताए ।

‘यहाँका किसानले उत्पादन गरेको केरा बिक्रीका लागि कुनै समस्या छैन, व्यापारीहरु घरघरमा नै आउने गरेका छन्,’ उनले भने, ‘यातायातको सुविधा विस्तार भएपछि किसानले समेत केराको राम्रै मूल्य पाएका छन् ।’ स्थानीय नमूना सामुदायिक वन उपभोक्ता समूह र माई नगरपालिका समेतको लगानीमा बोरुङ टोलसम्म सडक विस्तार भएपछि किसानलाई राहत मिलेको वडा सदस्य साउदेनको भनाइ छ ।

यहाँ उत्पादित केरा स्थानीय व्यापारीमार्फत झापाको विर्तामोड, काँकडभिट्टा, दमक, सुनसरीको धरान, मोरङको विराटनगरसहित काठमाडौँसम्म पुग्ने गरेको छ ।

कम मेहनत र थोरै लगानीमा सहजै आम्दानी लिन सकिने भएपछि दक्षिणी इलामका किसानहरु व्यावसायिक केरा खेतीतर्फ आकर्षित भएका हुन् । बाँझो रहेको जग्गा र तथा पाखासमेत सदुपयोग गर्दै किसानले व्यावसायिक केरा खेती विस्तार गरेका हुन् । उनीहरुले केरा खेती गरी लाखौँ आम्दानी गरिरहेका छन् । जिल्लाको माई नगरपालिका बोरुङसहित दानाबारी, महमाई, चिसापानी, माङसेबुङ गाउँपालिकाको बाँझो, सिङफेरे, मार्चेबुङ, सिमलटार, चुलाचुली गाउँपालिकाको तोरिबारी, साकफारालगायतका किसानले व्यावसायिक केरा खेती गर्दै आएका छन् । रासस

# मध्यपूर्व सङ्कट गहिरिँदै

**वासिङ्टन ।**
मध्यपूर्वमा शत्रुता तीव्र बन्दै जाँदा इरान र संयुक्त राज्य अमेरिका बीच बिहीबार फेरि हवाई आक्रमण र मिसाइल प्रहार आदान–प्रदान भएको छ । कुवेत र बहराइनसहितका संवेदनशील क्षेत्रमा तनाव फैलिँदै जाँदा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई रोकिएका वार्ता भङ्ग गरेको भन्दै ‘मूल्य चुकाउनुपर्ने’ चेतावनी दिएका छन् । अमेरिकी सेनाले दोस्रो चरणको हवाई आक्रमण सुरु गरेको केही समयपछि इरानले पनि प्रतिक्रिया स्वरूप मिसाइल आक्रमण गरेको बताइएको छ । बहराइनमा रहेको अमेरिकी नौसेनाको पाँचौँ फ्लीट मुख्यालयलाई लक्षित गरेर तनाव थप चुलिएको छ ।



इरानका विभिन्न सहरहरूमा भएका नयाँ हवाई आक्रमण र त्यसको बदलामा भएका प्रतिआक्रमणले शान्ति वार्ताको प्रयास ठप्प भएको सङ्केत देखिएको छ । इरानले हर्मुज जलघाँटीमा आफ्नो रणनीतिक पकड कायम राख्ने अडान लिएको छ भने लेबनानमा हिजबुल्लाहमाथि इजरायलको निरन्तर आक्रमणले पनि कूटनीतिक प्रयास कमजोर बनाएको बताइएको छ । सोमबारदेखि इरान र इजरायलबीच समेत प्रत्यक्ष आक्रमण भएको उल्लेख छ । यसअघि बुधबार इरानबाट मिसाइल प्रहार र अमेरिकी हवाई आक्रमणबीच पहिलो चरणको ठूलो झडप भएको थियो । त्यस क्रममा बहराइन, कुवेत र जोर्डनमा मिसाइल प्रहार गरिएको र अमेरिकी हेलिकप्टर खसालिएको घटनापछि स्थिति झनै तनावपूर्ण बनेको हो ।

अमेरिकी सेन्ट्रल कमान्डका अनुसार बिहीबार बिहान सूर्य उदाउनुअघि इरानमा लक्षित हवाई आक्रमणको दोस्रो चरण सम्पन्न गरिएको हो । उक्त आक्रमणमा सैन्य निगरानी, सञ्चार र हवाई रक्षा प्रणालीलाई निशाना बनाइएको बताइएको छ । अमेरिकी वायुसेना, मरीन र नौसेनाले संयुक्त रूपमा सञ्चालन गरेको आक्रमणको क्षतिबारे विस्तृत विवरण सार्वजनिक गरिएको छैन । आक्रमणपछि तेहरान वरपरका क्षेत्र, साथै बन्दर अब्बास र दक्षिणी भूभागमा शक्तिशाली विस्फोटहरू सुनिएको स्थानीय स्रोतहरूले जनाएका छन् ।

यसैबीच कुवेतले आफ्नो हवाई क्षेत्र बन्द गरेको छ । देशका अधिकारीहरूका अनुसार लगातार इरानी आक्रमणको जोखिम बढेपछि उडानहरू अन्य विमानस्थलतर्फ मोडिएको छ । कुवेतको हवाई रक्षा प्रणालीले आकाशमा प्रवेश गरेका केही मिसाइललाई रोक्ने प्रयास गरेको पनि बताइएको छ । हालैका दिनमा कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा प्रत्यक्ष प्रहार भएको र त्यस घटनामा एक जनाको मृत्यु तथा दर्जनौँ घाइते भएको विवरण पनि सार्वजनिक भएको छ ।

बहराइनमा पनि मिसाइल चेतावनी साइरन बजाइएको छ । अमेरिकी नौसेनाको पाँचौँ फ्लीट रहेको यस टापु राज्यमा सम्भावित आक्रमणको जोखिमबारे सुरक्षा सतर्कता उच्च पारिएको छ । कुवेत र बहराइन दुवै देशले आफ्नो हवाई रक्षा प्रणालीलाई पूर्ण तयारी अवस्थामा राखेका छन् । क्षेत्रीय रूपमा फैलिँदै गएको यो सैन्य तनावले मध्यपूर्वलाई थप गम्भीर सङ्कटतर्फ धकेलिरहेको र कूटनीतिक वार्ताका प्रयासहरू निरन्तर असफल भइरहेका देखिएको छ । रासस


# रासायनिक मल उठाउन तथा वितरण प्रक्रियामा आवश्यक समन्वय गर्न निर्देशन




**काठमाडौँ ।**
सुदूरपश्चिम प्रदेशका नौ जिल्लाका २६ पालिकालाई विनियोजन गरिएको रासायनिक मल हालसम्म नउठाएको पाइएको छ । कृषि, वन तथा पर्यावरण मन्त्रालयले सम्बन्धित निकायलाई पटक–पटक जानकारी गराउँदा पनि मल उठाउने विषयमा चासो नदिएको पाइएको हो । ती पालिकाले तुरुन्तै मल नउठाएमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनका डिपोमार्फत किसानलाई सिधै मल बिक्री गर्ने मन्त्रालयको चेतावनी छ ।
मन्त्रालयले गरेको पछिल्लो निर्णयअनुसार डडेल्धुरा, बैतडी, दार्चुला, बाजुरा, बझाङ र डोटीका स्थानीय तहले तोकिएको परिमाणको मल नउठाएको कृषि सामग्री र साल्ट ट्रेडिङको तथ्याङ्क छ । साथै कैलालीको गोदावारी नागपालिकाले २१ हजार २३० किलो, गौरीजङ्ग नगरपालिकाले छ हजार ६९० किलो, जानकी गाउँपालिकाले १० हजार २५० किलो र धनगढी उपमहानगपालिकाले २१ हजार ५०० किलो रासायनिक मल उठाएका छैनन् ।
यस्तै, कञ्चनपुरका केही पालिकाले पनि रासायनिक मल उठाएका छैनन् । त्यहाँको भीमदत्ता नगरपालिकाले एक लाख छ हजार ८०० किलो र बेदकोट नगरपालिकाले एक लाख छ हजार ४०० किलो मल उठाएका छैनन् । यस्तै, अछाम जिल्लामा पर्ने पाँच स्थानीय तहमध्ये साँफेबगर नगरपालिका, बन्नीगढ जयगढ गाउँपालिका र कमल बजार नगरपालिकाले मल लैजान बाँकी छ । खेतीपातीको मुख्य याम धान रोपाइँ सुरु भइसके पनि सम्बन्धित निकायहरुले मल ढुवानी नगरेपछि किसानलाई मलको समस्या देखिन थालेको हो ।
स्थानीय तहले रासायनिक मल उठाउन तथा वितरण प्रक्रियामा आवश्यक समन्वय नगर्दा किसानसम्म मल समयमै पुग्न नसकेको अवस्था छ । वर्षे धान रोपाइँको समय नजिकिँदै गर्दा मल वितरणमा भएको ढिलाइले किसान प्रभावित हुने जोखिम बढेको छ । सुदूरपश्चिम प्रदेशले पाउने कोटामध्ये हाल कृषि सामग्री कम्पनीमार्फत उपलब्ध हुने रासायनिक मलमध्ये कैलालीमा ५२ प्रतिशत र कञ्चनपुरमा ३२ प्रतिशत मल वितरण हुने व्यवस्था छ । बाँकी १६ प्रतिशत मल डडेलधुरा, बैतडी, दार्चुला, बाजुरा, बझाङ, अछाम र डोटीलगायत अन्य जिल्लाका स्थानीय तहलाई छुट्याइएको छ । तर यी जिल्लाका सरोकारवाला निकायहरुले मल लैजान सकेका छैनन् ।
त्यस्तै, सुदूरपश्चिम प्रदेशमा साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत वितरण हुने मलमध्ये कैलालीमा ३४ प्रतिशत र कञ्चनपुरमा ५४ प्रतिशत हिस्सा छ । बाँकी १२ प्रतिशत मल अन्य जिल्लाका स्थानीय तहमा वितरण गरिने व्यवस्था रहे पनि ती जिल्लाबाट अपेक्षित रूपमा मल उठाउन सकेको अवस्था छैन । सुदूरपश्चिम प्रदेशमा ४३ पालिकाले रासायनिक मल बिक्री गर्दै आएका छन् । यसमध्ये १७ पालिकाले लगे पनि २६ पालिकाले हालसम्म मल लैजान सकेका छैनन् । रासस

# यस वर्ष हिन्दुकुश क्षेत्रमा कम मनसुनी वर्षा तर जोखिम यथावत् : अध्ययन

भीष्मराज ओझा
काठमाडौँ ।
हिन्दुकुश–हिमालय (एचकेएच) क्षेत्रमा यस वर्ष औसतभन्दा कम मनसुनी वर्षा हुने पूर्वानुमान गरिएको भए पनि विपद्को जोखिम भने यथावत् रहने एक अध्ययनले देखाएको छ । छोटो अवधिमा हुने अत्यधिक वर्षा, बढ्दो तापक्रम र जलस्रोतमा बढ्दो दबाबका कारण यो मौसम झन् जोखिमपूर्ण बन्न सक्ने वैज्ञानिकहरूले चेतावनी दिएका छन् । अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)ले उक्त अध्ययनसम्बन्धी 'हिन्दुकुश–हिमालय (एचकेएच) मनसुन आउटलुक २०२६' बिहीबार प्रकाशित गरेको हो ।
एचकेएच मनसुन आउटलुक २०२६, विश्व तथा क्षेत्रीयस्तरका विभिन्न जलवायु मोडेलहरूको पूर्वानुमानमा आधारित छ । यसको उद्देश्य जुनदेखि सेप्टेम्बरसम्मको मनसुन मौसमअघि सरकार, विपद् व्यवस्थापन निकाय र समुदायलाई योजना तथा पूर्वतयारीमा सहयोग पुर्‍याउनु रहेको इसिमोडले जनाएको छ ।
यस अध्ययनले भूटान, भारत, नेपाल र पाकिस्तानलगायत मुलुकमा औसतभन्दा कम वर्षा हुने तथा यस क्षेत्रका अधिकांश भागमा औसतभन्दा बढी तापक्रम रहने प्रक्षेपण गरेको छ । यसका बाबजुद विज्ञहरूले आकस्मिक बाढी, पहिरो तथा अन्य जोखिमहरूको सम्भावना उच्च रहने बताएका छन् । 'कमजोर मनसुन भए पनि छोटो अवधिको अत्यधिक वर्षा अझै ठूलो चिन्ताको विषय हो,' इसिमोडका जलविज्ञ मनीष श्रेष्ठले भने, 'समुदाय र सम्बन्धित निकायहरूले छोटो अवधिका मौसम पूर्वानुमान तथा परामर्शहरूलाई नजिकबाट पछ्याउन आवश्यक छ ।'
अनियमित वर्षा र बढ्दो तापक्रमको संयोजनले एउटै मौसममा खडेरी र बाढी दुवैको जोखिम बढाउने अनुमान गरिएको छ । लामो समयसम्मको सुक्खा अवस्थापछि अचानक भारी वर्षा हुन सक्ने भएकाले विशेषगरी पहाडी क्षेत्रमा आकस्मिक बाढी र पहिरोको अवस्था सिर्जना हुन सक्छ । जलविज्ञ श्रेष्ठले भने, 'यस आउटलुकले समग्रमा अपेक्षाकृत सुक्खा मनसुनको सङ्केत गरेको छ, तर त्यसको अर्थ जोखिम कम हुनु होइन । छोटो अवधिका तीव्र वर्षाका घटनाले गम्भीर विपद् निम्त्याउन सक्छन् ।'
तातो मौसमले गर्मीजन्य तनाव बढाउने र पानीको उपलब्धता घटाउने सम्भावना पनि रहेको छ । मौसमको सुरुआतमा हिमपातको स्थायित्व कम रहनुले यस क्षेत्रको प्राकृतिक जल सञ्चय क्षमतालाई थप कमजोर बनाउनेछ, जसले नदी प्रणाली र भू–जल पुनर्भरणलाई वर्षाको परिवर्तनशीलताप्रति अझ संवेदनशील बनाउनेछ । 'हिमपात लामो समयसम्म नटिक्नुले मनसुन सुरु हुँदा यस क्षेत्रको प्राकृतिक मौसमी जल सञ्चय क्षमता घटेको अवस्थालाई जनाउँछ,' आउटलुकका सह–लेखक सार्थक श्रेष्ठले भने ।
विज्ञहरूका अनुसार यी संयुक्त जोखिमहरूले दक्षिण एसियाभर विपद् योजना तथा प्रतिकार्य व्यवस्थापनलाई जटिल बनाइरहेका छन् । 'मनसुनको बढ्दो अनिश्चितताले समन्वयसम्बन्धी चुनौतीहरू सिर्जना गरिरहेको छ,' इसिमोडका जल तथा विपद् जोखिम न्यूनीकरण प्रमुख नीरा श्रेष्ठ प्रधानले भने, 'अबको पूर्वतयारीका लागि सरकार, प्राविधिक निकाय र स्थानीय तहबीच अझ सशक्त समन्वय आवश्यक छ ।'
आउटलुकले खाद्य उत्पादन, जलस्रोत र ऊर्जा प्रणालीमाथि बढ्दो दबाबका साथै ग्रामीण र सहरी दुवै क्षेत्रमा बढ्दो संवेदनशीलतालाई पनि औँल्याएको छ । 'लामो सुक्खा अवधिपछि हुने अनियमित वर्षाले पहिरोको जोखिम बढाउँछ,' रिका इन्डियाका प्रमुख कार्यकारी अधिकृत रनित चटर्जीले भने, 'यसले बसाइँसराइ, खाद्यान्नको मूल्यवृद्धि, ऊर्जा सङ्कट तथा पर्यटन क्षेत्रमा अवरोधलगायत सामाजिक–आर्थिक दबाबलाई अझ बढाउन सक्छ ।'
वैज्ञानिकहरूले सशक्त प्रारम्भिक चेतावनी प्रणाली र प्रभाव–आधारित पूर्वानुमानको आवश्यकतामाथि पनि जोड दिएका छन् । 'खडेरी र बाढीका जोखिमलाई अब छुट्टाछुट्टै व्यवस्थापन गर्न सकिँदैन,' इसिमोडका वरिष्ठ सल्लाहकार अरुणभक्त श्रेष्ठले भने, 'बढ्दो जटिल जोखिमहरूको सामना गर्न प्रारम्भिक चेतावनी प्रणाली, छोटो अवधिका पूर्वानुमान र स्थानीयस्तरमा आधारित पूर्वतयारीले एकसाथ काम गर्न आवश्यक छ ।'
जलवायु परिवर्तनजन्य अनिश्चितता बढ्दै जाँदा एउटै प्रकारको विपद्का लागि मात्र तयारी गर्नु पर्याप्त नहुने विज्ञहरूको चेतावनी छ । 'एउटै, पूर्वानुमान गर्न सकिने जोखिमका लागि मात्र तयारी गर्ने युग समाप्त भइसकेको छ,' इसिमोडका विपद् जोखिम न्यूनीकरण विशेषज्ञ शश्वत सन्यालले भने, 'पूर्वानुमानमा आधारित पूर्वकार्य र प्रारम्भिक चेतावनी अब आधारभूत आवश्यकता बन्नुपर्छ ।'
हिन्दुकुश–हिमालय (एचकेएच) क्षेत्र एसियाभर तीन हजार ५०० किलोमिटरसम्म फैलिएको छ । यसले अफगानिस्तान, बङ्गलादेश, भूटान, चीन, भारत, म्यान्मा, नेपाल तथा पाकिस्तान गरी आठ देश समेट्छ । उच्च हिमाली श्रृङ्खला, मध्यपहाडी क्षेत्र तथा मैदान समेटिएको यो क्षेत्र करिब दुई अर्ब मानिसको खाद्य, पानी तथा ऊर्जा सुरक्षाका लागि अत्यन्त महत्वपूर्ण छ । साथै, असंख्य दुर्लभ तथा अपूरणीय जीवजन्तु र वनस्पतिको बासस्थान पनि हो । यो क्षेत्र जलवायु परिवर्तन, प्रदुषण र जैविक विविधताको क्षयबाट सिर्जित विश्वव्यापी सङ्कटका असरबाट जोखिमग्रस्त छ । रासस




# षडानन्दमा 'एक घर एक धारा' को पहुँच



**भोजपुर ।**
भोजपुरको उत्तरी क्षेत्र षडानन्द नगरपालिकामा सञ्चालित लोमा खोला खानेपानी आयोजनामार्फत करिब एक हजार २०० घरमा धारा जडान गरिएको छ । क्रमागत रुपमा सञ्चालन भइरहेको यो आयोजनामार्फत पानीको समस्या रहेका घरमा धारा जडान गरिएको हो । हालसम्म यहाँका करिब एक एक हजार ५०० परिवारमध्ये एक एक हजार २०० घरमा धारा जडान गरिएको निर्माण उपभोक्ता समितिका अध्यक्ष राजनविक्रम राईले बताए । बाँकी रहेका घरमा पनि क्रमशः पानी वितरण गरिने उनले जानकारी दिए ।
'लोमा खोला आयोजनामार्फत १२ सय परिवारमा धारा जडान सम्पन्न गरेका छौँ', अध्यक्ष राईले भने, 'बाँकी रहेका घरमा पनि क्रमशः वितरण गर्ने लक्ष्य छ ।' पानी शुद्धीकरण पर्ने प्रविधि जडान नगरिएकाले पानी वितरणमा केही समस्या भएको उनको भनाइ छ । मुहानमा पानी प्रशोधन संरचना नरहेकाले बर्सातको समयमा बालुवा, गिट्टी आउने तथा धारा जाम हुने समस्या रहेको अध्यक्ष राईले बताए । बस्तीमा पानी वितरण थालिएपछि वर्षौंदेखीको पानीको समस्या हटेको स्थानीयवासी छलमाया कार्कीले बताइन् । लोमा खोलाको पानी घरमा आएपछि दैनिक काममा सहजता भएको उनको भनाइ छ । 'घरमा धारा जडान भएपछि सहजता छ', उनले भनिन्, 'एक गाग्री पानीको जोह गर्न दुईचार घण्टा लाग्थ्यो । अहिले आगनको डिलमा धारा छ । पानीको कुनै चिन्ता छैन ।'
बस्तीमा लोमा खोलाको पानी आएपछि दैनिकी नै फेरिएको स्थानीयवासी तिलबहादुर श्रेष्ठले बताए । पानी आएपछि गाईभैँसी खुवाउनदेखि दैनिक सरसफाइमा सहजता भएको उनले बताए । यो आयोजनाले षडानन्द नगरपालिकाका ८, ९, १०, ११ र १२ वडाका करिब एक हजार ५०० परिवारलाई राहत पुग्ने षडानन्द नगरपालिका प्रमुख सुरेन्द्रकुमार उदासले बताए । आयोजनालाई चाँडो सम्पन्न गराउन नगरले सम्बन्धित निकायमा बजेट मागसँगै आवश्यक सहजीकरण गरिरहेको उनको भनाइ । 'यो षडानन्द नगरपालिकामा सञ्चालनमा रहेको ठूलो योजना हो', उनले भने, 'यो आयोजनाबाट धेरै घर परिवारमा शुद्ध पिउने पानी पुग्दैछ । समयमा सम्पन्न गराउन हामीले पनि आवश्यक भूमिका खेलिरहेका छौँ ।'
यो आयोजना निर्माणको काम दुई 'स्किम'मा सञ्चालन भइरहेको छ । हालसम्म आयोजनाको भौतिक प्रगति करिब ८० प्रतिशत रहेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय भोजपुरका इन्जिनियर दीपक यादवले जानकारी दिए । श्रमदानसहित यो आयोजनाको अनुमानित कूल लागत रु २६ करोड ८२ लाख ३० हजार ८३५ रहेको कार्यालयले जनाएको छ । 'लोमा खोला खानेपानी आयोजनाको करिब ८० प्रतिशत काम सम्पन्न भएको छ', उनले भने, 'कामलाई तीव्र रुपमा अघि बढाएका छौँ । अब करिव २८५ घरधुरीमा पानी वितरण र शुद्धस्करण संयन्त्र बनाउन बाँकी रहेको अवस्था छ ।' चालु आर्थिक वर्षमा तीन वटा ट्याङ्की, चार वटा डिपिटी र तीन वटा वितरण च्याम्बर निर्माण गरिएको उनले जानकारी दिए । त्यस्तै दुई हजार १०० मिटर मुख्य पाएप लाइन र ३७ हजार मिटर वितरण लाइन विस्तार गरिएको कार्यालयले जनाएको छ ।
दुई स्किममा गरी यो आयोजनाको मुख्य पाइप लाइन विस्तार करिब ४७ किलोमिटर र वितरण लाइन करिब १५३ किलोमिटर रहेको कार्यालयले जनाएको छ । यो आयोजनाको काम आव २०७५÷७६ बाट थालनी भएको हो । रासस

# सुनसरीमा 'सुरक्षित सिटी सफारी चालक अभियान' सुरु

**सुनसरी ।**
सिटी सफारी सञ्चालनलाई व्यवस्थित, सुरक्षित र जिम्मेवार बनाउन सुनसरीमा सुरक्षित सिटी सफारी चालक अभियान सुरु गरिएको छ ।
नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीले बुधबार क्युआर कोडसहितको 'सुरक्षित चालक पोसाक' वितरण गर्दै अभियानको औपचारिक शुभारम्भ गरेको हो । कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले इटहरीमा आयोजित कार्यक्रममा ३०० जना सिटी सफारी चालकलाई उक्त पोसाक वितरण गरे ।
पछिल्ला वर्षहरूमा इटहरी, धरान, विराटनगरलगायत पूर्वका प्रमुख सहरमा ई–रिक्सा (सिटी सफारी) को संख्या उल्लेख्य रूपमा बढेको छ । तर, दर्ता, रुट निर्धारण तथा सञ्चालनसम्बन्धी स्पष्ट कानुनी र नीतिगत व्यवस्था नहुँदा यसको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । प्रहरीका अनुसार चालकको पहिचान सुनिश्चित गर्ने, यात्रुमा विश्वास अभिवृद्धि गर्ने तथा दुर्घटना र आपराधिक गतिविधिको जोखिम न्यूनीकरण गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको हो । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीको तथ्याङ्कअनुसार पछिल्लो पाँच वर्षमा सिटी सफारीसँग सम्बन्धित दुई हजार ७३२ वटा सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा ११६ जनाको मृत्यु भएको छ भने तीन हजार ९७० जना घाइते भएका छन् ।




आर्थिक वर्ष २०७८/७९ मा २२, २०७९/८० मा २४, २०८०/८१ मा ३६ तथा २०८१/८२ मा १५ जनाको मृत्यु भएको थियो । चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म थप १९ जनाले ज्यान गुमाइसकेका छन् । घाइतेको सङ्ख्या पनि उच्च रहेको तथ्याङ्कले देखाएको छ । आर्थिक वर्ष २०७८/७९ मा ६६८, २०७९/८० मा ७६२, २०८०/८१ मा ५९४ तथा २०८१/८२ मा ७५१ जना घाइते भएका थिए । चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म एक हजार १९५ जना घाइते भएका छन् । तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७८/७९ मा ४५३, २०७९/८० मा ५५२, २०८०/८१ मा ४४६ तथा २०८१/८२ मा ५८१ वटा दुर्घटना भएका थिए । चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ७०० दुर्घटना भइसकेका छन् ।
कार्यक्रमलाई सम्बोधन गर्दै प्रहरी नायब महानिरीक्षक घिमिरेले बढ्दो सवारी चापसँगै ट्राफिक अनुशासन र सडक सुरक्षाको महत्व अझ बढ्दै गएको बताए । सुरक्षित चालक नै सुरक्षित यात्राको आधार भएको उल्लेख गर्दै उनले ट्राफिक नियमको पूर्ण पालना गर्ने तथा जिम्मेवार ढङ्गले सवारी सञ्चालन गर्न चालकलाई आग्रह गरे । उनले क्युआर कोडसहितको चालक पोसाकले चालकको पहिचान स्पष्ट बनाउन सहयोग पुग्ने र यात्रुलाई सुरक्षित यात्राको अनुभूति दिलाउने विश्वास व्यक्त गरे । प्रहरीका अनुसार मोरङबाट सुरुआत गरिएको यो अभियान क्रमशः कोशी प्रदेशका अन्य जिल्लामा विस्तार गरिनेछ । रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


# जनकपुरधाम–३ को वडा कार्यालयमा तालाबन्दी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
वर्षायाम सुरु भएसँगै जनकपुरधाम उपमहानगरपालिका–३ मा जलनिकास र सडक व्यवस्थापनको समस्या चर्किएपछि स्थानीय बासिन्दाले वडा कार्यालयमा तालाबन्दी गर्दै विरोध प्रदर्शन गरेका छन् ।

बिहीबार बिहान परेको करिब एक घण्टाको वर्षापछि वडाका अधिकांश सडक जलमग्न बनेका थिए । घर, पसल र आँगनमा पानी पसेर जनजीवन प्रभावित भएपछि आक्रोशित स्थानीयले वडा कार्यालयअघि टायर बालेर प्रदर्शन गरेका हुन् ।

स्थानीय युवाहरू प्रेम साह, कृष्णा साह, सुनिल दास, लक्ष्मण साह, सन्दीप साह र राहुल कर्णलगायतले दुई कार्यकालदेखि निर्वाचित जनप्रतिनिधिले आधारभूत पूर्वाधार विकासमा पर्याप्त ध्यान नदिएको आरोप लगाए । उनीहरूले सामान्य वर्षामै सडक डुबानमा पर्ने अवस्था रहँदा आगामी साउन–भदौमा समस्या झनै भयावह बन्न सक्ने चेतावनी दिए ।

प्रदर्शनकारीहरूले वडामा वर्षौंदेखि सडक तथा नालाको उचित व्यवस्थापन हुन नसकेको, नियमित सरसफाइ प्रभावकारी नभएको र फोहोर व्यवस्थापनसमेत अस्तव्यस्त रहेको गुनासो गरे । उनीहरूले वडाभित्र रहेको ऐतिहासिक देवान पोखरीको संरक्षण र व्यवस्थापनमा समेत बेवास्ता गरिएको आरोप लगाए ।

स्थानीयका अनुसार विश्वप्रसिद्ध धार्मिक तथा पर्यटकीय गन्तव्य जानकी मन्दिर नजिकै रहेको वडा नम्बर–३ को अव्यवस्थित अवस्था जनकपुरधामको समग्र छविमा समेत नकारात्मक प्रभाव पारिरहेको छ ।

यता, वडाध्यक्ष दिपेन्द्र साहले स्थानीयको असन्तुष्टि स्वाभाविक भएको स्वीकार गर्दै समस्या समाधानका लागि पहल भइरहेको बताए । उनले बजेट अभाव, प्राविधिक प्रक्रिया तथा प्रशासनिक जटिलताका कारण केही योजनाहरू समयमै सम्पन्न हुन नसकेको स्पष्ट पारे ।

जलनिकास सुधारका लागि केही योजना कार्यान्वयनको चरणमा रहेको र मुख्य नाला निर्माण तथा सडक स्तरोन्नतिलाई आगामी बजेटमा प्राथमिकताका साथ अघि बढाइने उनले जानकारी दिए । स्थानीयले उठाएका विषयप्रति वडा कार्यालय गम्भीर रहेको र सम्बन्धित निकायसँग समन्वय गरी दीर्घकालीन समाधान खोज्ने प्रयास भइरहेको उनको भनाइ छ ।

तर स्थानीयवासी भने विगतमा पटक–पटक आश्वासन मात्रै पाएको भन्दै अब प्रत्यक्ष रूपमा कामको परिणाम देखिनुपर्ने अडानमा छन् । उनीहरूले समस्या समाधानमा ढिलाइ भए थप सशक्त आन्दोलनमा उत्रिने चेतावनीसमेत दिएका छन् ।

# नमूना युवा संसदीय अभ्यास सम्पन्न




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभा सचिवालयद्वारा आयोजित चारदिने नमूना युवा संसदीय अभ्यास कार्यक्रम बिहीबार सम्पन्न भएको छ । लोकतन्त्र, संसदीय प्रक्रिया, नीति निर्माण तथा नेतृत्व विकासबारे युवालाई व्यावहारिक अनुभव प्रदान गर्ने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रममा प्रदेशका ११ विद्यालयका ५० जना विद्यार्थी सहभागी भएका थिए ।

समापन समारोहलाई सम्बोधन गर्दै सभामुख रामअशिष यादवले युवाहरूलाई स्पष्ट लक्ष्य निर्धारण गरी त्यसको प्राप्तिका लागि निरन्तर प्रयास गर्न आग्रह गरे ।

उनले जीवनमा सफलता हासिल गर्न लक्ष्य निर्धारण, योजनाबद्ध कार्य र नियमित अभ्यास आवश्यक हुने बताए । सभामुख यादवले युवालाई सकारात्मक सोच, अनुशासन र समर्पणका साथ अघि बढ्न सुझाव दिँदै गलत संगतबाट टाढा रहन आग्रह गरे । लोकतान्त्रिक प्रणालीलाई सुदृढ बनाउन सक्षम, जिम्मेवार र सचेत युवा पुस्ताको महत्वपूर्ण भूमिका रहने उनको भनाइ थियो ।

उपसभामुख बबिता कुमारी राउत इशरले यस्ता अभ्यासले युवामा नेतृत्व क्षमता, तार्किक सोच, बहस गर्ने शैली तथा निर्णय प्रक्रियामा सहभागी हुने सीपको विकास गर्ने बताइन् । लोकतान्त्रिक मूल्य र मान्यतालाई व्यवहारमा स्थापित गर्न युवाको सक्रिय सहभागिता आवश्यक रहेको उनले उल्लेख गरिन् ।

श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले युवालाई केवल शैक्षिक ज्ञानमा सीमित नरही सामाजिक र राजनीतिक चेतनासँग पनि जोडिन आग्रह गरिन् । यस्ता कार्यक्रमले युवालाई नेतृत्वका लागि तयार पार्नुका साथै जिम्मेवार नागरिक बन्न प्रेरित गर्ने उनको भनाइ थियो ।

महिला, बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति रूपा यादवले लोकतान्त्रिक संस्थाहरूको प्रभावकारी सञ्चालनका लागि युवाको सहभागिता बढाउनुपर्नेमा जोड दिइन् । नीति निर्माण तथा सार्वजनिक सरोकारका विषयमा युवाले आफ्ना विचार प्रभावकारी रूपमा प्रस्तुत गर्न सक्ने वातावरण सिर्जना गर्न आवश्यक रहेको उनले बताइन् ।

प्रदेश सभा सचिवालयका अनुसार संसदीय प्रणाली, विधेयक निर्माण प्रक्रिया, छलफल, बहस तथा निर्णय प्रक्रियाबारे व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा सहभागी विद्यार्थीहरूले सांसद, मन्त्री तथा सभामुखको भूमिका निर्वाह गर्दै संसदीय अभ्यास गरेका थिए ।

चार दिनसम्म सञ्चालन भएको कार्यक्रमले सहभागी युवाहरूमा वक्तृत्वकला, नेतृत्व क्षमता, नीति विश्लेषण कौशल तथा लोकतान्त्रिक अभ्यासप्रतिको बुझाइ अभिवृद्धि भएको आयोजकले जनाएको छ ।

# वन पैदावार आपूर्ति समिति अध्यक्षमा बमजन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको मन्त्रीस्तरीय निर्णयअनुसार सर्लाही जिल्ला वन पैदावार आपूर्ति समितिको अध्यक्ष पदमा नेपाली कांग्रेसकी नेतृ तथा महासमिति सदस्य सोनीकुमारी बमजन नियुक्त भएकी छन् ।

प्रदेश सरकारले समितिको सदस्यमा बनिता कार्की र गजेन्द्र साहलाई समेत मनोनयन गरेको जनाएको छ ।

नवनियुक्त पदाधिकारीहरूले वन पैदावारको आपूर्ति तथा व्यवस्थापन प्रणालीलाई थप पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । उनीहरूले सेवाग्राहीमैत्री सेवा प्रवाहलाई प्राथमिकतामा राख्दै जिम्मेवारी निर्वाह गर्ने बताएका छन् ।

नियुक्तिपछि जिल्लामा वन पैदावार आपूर्ति तथा वितरण व्यवस्थापनमा सुधार आउने अपेक्षा गरिएको छ । सरोकारवालाहरूले नयाँ नेतृत्वले वन स्रोतको संरक्षण र व्यवस्थापनलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरेका छन् ।

# मन्त्री चौधरीसँग महानिर्देशक वाङ्चुकको शिष्टाचार भेट



**काठमाडौँ ।**
कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीसँग दक्षिण एसियाली सहकारी वातावरण कार्यक्रमका महानिर्देशक नर्बु वाङ्चुकले आज मन्त्रालयमा शिष्टाचार भेट गरेका छन् ।

भेटका क्रममा दक्षिण एसियाली क्षेत्रीय सहयोग, वायु प्रदूषण नियन्त्रण र प्लास्टिक व्यवस्थापन सम्बन्धमा भएका क्षेत्रीय पहललाई सुदृढ बनाउने तथा नेपालमा विशेषगरी प्लास्टिक प्रदूषण तथा फोहरको दीर्घकालीन व्यवस्थापन प्रणाली सुधार गर्ने विषयमा उच्चस्तरीय छलफल भएको मन्त्री चौधरीको सचिवालयले जनाएको छ ।

छलफलमा प्लास्टिक फोहर व्यवस्थापन, वायु गुणस्तर सुधार तथा जलवायु परिवर्तन न्यूनीकरणका लागि नयाँ परियोजना ल्याउने तयारी भइरहेको महानिर्देशक वाङ्चुकले जानकारी गराए । सीमापार वायुप्रदूषण र नदी प्रणालीमा हुने प्रदूषण समाधानका लागि क्षेत्रीय राष्ट्रहरुले एकापसमा सहकार्य र समन्वय गर्नुपर्ने तथा भुटान र नेपालजस्ता साना राष्ट्रहरुले क्षेत्रीय सङ्गठनमार्फत आफ्ना मुद्दाहरु प्रभावकारी रूपमा ठूला राष्ट्रहरुमाझ उठाउँदा प्रभावकारी हुने भएकाले क्षेत्रीय बैठकका लागि पहल गर्न मन्त्री चौधरीलाई उनले अनुरोध गरिन् ।

त्यसैगरी, जुलाई ८ र ९ मा माल्दिभ्समा हुन गइरहेको ‘माले डिक्लरेशन’ पुनरुत्थानसम्बन्धी बैठकमा आगामी पाँच वर्षका लागि वायु गुणस्तर सुधारसम्बन्धी कार्ययोजना बनाइने भएकाले कार्यक्रममा नेपालबाट प्रतिनिधित्वका लागि महानिर्देशक वाङ्चुकले मन्त्री चौधरीसँग आग्रह गरे ।

# भूमिहीन दलित कृषकलाई हाते ट्याक्टर कृषि आत्मनिर्भरतामा टेवा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सिरहाको दक्षिणी सीमावर्ती नवराजपुर गाउँपालिकाका भूमिहीन दलित परिवारलाई कृषि उत्पादन वृद्धि र जीविकोपार्जन सुदृढ गर्ने उद्देश्यले १२ वटा हाते ट्याक्टर वितरण गरिएको छ ।

नवराजपुर गाउँपालिका, दलित जनकल्याण युवा क्लब तथा मेनोनाइट सेन्ट्रल कमिटीको साझेदारीमा सञ्चालित ‘एकीकृत जीविकोपार्जन तथा कृषि सुधार परियोजना’ अन्तर्गत पाँच वडाका ३८ कृषक समूहमध्ये १२ समूहलाई हाते ट्याक्टर उपलब्ध गराइएको हो ।

वितरण गरिएका ट्याक्टर १२ समूहमा आबद्ध ३०४ किसान सदस्यले पालैपालो प्रयोग गर्ने व्यवस्था मिलाइएको छ । करिब ८ लाख ४३ हजार रुपैयाँ बराबरको सहयोगअन्तर्गत हाते ट्याक्टरसँगै इञ्जिन तेल, गियर तेल तथा डिजेलसमेत उपलब्ध गराइएको दलित जनकल्याण युवा क्लबले जनाएको छ ।

क्लबका अध्यक्ष उमेकुमार विसुन्काले भूमिहीन दलित समुदायलाई कृषि उत्पादनसँग जोड्दै आर्थिक रूपमा सक्षम बनाउने लक्ष्यसहित परियोजना सञ्चालन गरिएको बताए । कृषि यान्त्रिकीकरणले खेतीपातीलाई सहज बनाउनुका साथै उत्पादन लागत घटाउन मद्दत पुग्ने उनको विश्वास छ ।

परियोजनामार्फत भूमिहीन परिवारलाई लिजमा जग्गा उपलब्ध गराएर अन्नबाली तथा तरकारी खेती गर्न प्रोत्साहन गरिएको छ । साथै आयआर्जनका वैकल्पिक अवसर सिर्जना गर्न किराना पसल र घुम्ती कपडा पसल सञ्चालनका लागि समेत सहयोग प्रदान गरिएको छ ।

सामाजिक परिचालक सन्तोषकुमार विसुन्काका अनुसार हाते ट्याक्टरको प्रभावकारी प्रयोग सुनिश्चित गर्न किसानलाई सञ्चालनसम्बन्धी तालिम दिइएको छ भने प्रत्येक समूहमा एक जना चालकको जिम्मेवारीसमेत तोकिएको छ ।

स्थानीय कृषक सुलेना सदायले परियोजनाअन्तर्गत लिजमा लिएको जग्गामा खेती गर्न थालेपछि परिवारको खाद्य सुरक्षामा सुधार आएको बताइन् । खेतीबाट दैनिक खर्च धान्न र केही बचत गर्नसमेत सफल भएको उनको भनाइ छ ।

यता, छिमेकी बरियारपट्टि गाउँपालिकाका चार वडामा रहेका आठ कृषक समूहलाई पनि करिब ५ लाख ६२ हजार रुपैयाँ बराबरका हाते ट्याक्टर हस्तान्तरण गरिएको परियोजना संयोजक लालप्रसाद पोखरेलले जानकारी दिए ।

उनका अनुसार लिजमा उपलब्ध गराइएको जग्गामा खेती गर्दै भूमिहीन दलित परिवारले आम्दानी बढाउन थालेका छन् ।

बरियारपट्टि गाउँपालिका–३ का वडाध्यक्ष विनोदकुमार यादवले पनि भूमिहीन दलित समुदायको जीवनस्तर सुधारका लागि स्थानीय तहबाट आवास, शिक्षा, सरसफाइ तथा सामाजिक विकासका विभिन्न कार्यक्रम सञ्चालन भइरहेको बताए । परियोजनाको सहयोगले कृषि उत्पादनमा वृद्धि हुनुका साथै भूमिहीन दलित समुदायमा आत्मनिर्भर बन्ने आत्मविश्वाससमेत बढ्दै गएको स्थानीयवासीको भनाइ छ ।

# बंकुलमा तस्करका समर्थक र प्रहरीबीच झडप, ६ जना घाइते

**राकेश यादव**
**रौतहट ।**
बौद्धिमाइ नगरपालिका वडा नम्बर ७ बड्का बंकुलमा बुधबार राति करिब ९ बजेर ३० मिनेटको समयमा प्रहरी र तस्करको समूहबीच झडप भएको छ । झडपमा ३ प्रहरी र ३ तस्करीको सामान सुरक्षा गर्ने समूहका व्यक्ति घाइते भएका छन् ।

अबैध रुपमा तस्करीको समान लुकाएर राखिएको सूचनाका आधारमा छापामारी गर्न गएका सुरक्षाकर्मीको टोलीमाथि ढुंगामुढा गर्न लाग्दा झडप भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । त्रिपालले छोपी राखेको तस्करीको समान नियन्त्रणमा लिन खोज्दा झडप भएको प्रहरी उपरीक्षक सीताराम रिजालले दावी गरेका छन् । स्थिति असामान्य भएपछि प्रहरीले ६ राउण्ड अश्रु ग्यास प्रयोग गरेको बताइएको छ ।

जिल्ला प्रहरी कार्यालय र प्रहरी चौकी बंकुलबाट गएको टोलीले ३ सय २२ बोरा फर्सीको बिउ बरामद समेत गरेको छ । बरामद भएको फर्सीको बिउको मूल्य ९० लाख १६ हजार रुपैयाँ बराबरको रहेको प्रहरीले जनाएको छ ।

प्रहरीसँग भएको झडपमा स्थानीय ४० वर्षीया सुदामा देवी, हृदय नारायण यादवको ४० वर्षीया श्रीमती हिरा मोतीया देवीलाई सामान्य चोटपटक लागेको छ भने सोही वडामा बस्ने ४५ वर्षीय जयलाल ठाकुरको बाँया खुट्टा काटिएर घाइते भएको अवस्था सामान्य रहेको प्रहरी नायव उपरीक्षक बसन्त गौतमले जानकारी दिए ।

तस्करको समर्थकहरूबाट गरिएको प्रहारबाट प्रहरी बरिष्ठ हबल्दार गजेन्द्र यादव, प्रहरी सहायक हबलदार सम्झना चौधरी, प्रहरी सयहाक हबल्दार देवराज महतो सामान्य घाइते भएको प्रहरीले जनाएको छ ।

बरामद गरिएको ३ सय २२ बोरा फर्सीको बिउ कानुनी प्रक्रिया पूरा गरी कारबाहीका लागि जिल्ला भन्सार कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन